# वर्गदृष्टि

**Bargadristi Weekly** साप्ताहिक

वर्ष ६ अङ्क ३३ पूर्णाङ्क २७१ | २०७८ फागुन २ गते सोमबार | Monday, 14 Feb., 2022 | पृष्ठ ८ | मूल्य रू. १०।–


## देजमो नेपालका केन्द्रीय उपाध्यक्ष के.बी. गुरुङकी जीवनसङ्गिनी यानी गुरुङको दु:खद् निधनप्रति देजमो अध्यक्ष सी.पी. गजुरेलद्वारा श्रद्धाञ्जली व्यक्त



काठमाडौं । नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)की जीवनसंगिनी यानी गुरुङको असामयिक निधन भएको छ । उहाँको काठमाडौंको केएमसी अस्पतालमा उपचारको क्रममा आज विहान ५ बजे निधन भएको हो ।

मुटु, किड्नी र फोक्सोको समस्याबाट पीडित गुरुङको स्वास्थ्य जटिल भएपछि हिजो दिउसो ३ बजे हेलिकप्टरबाट टिचिङ अस्पतालको एमरजेन्सीमा ल्याइएको थियो । टिचिङ अस्पतालमा भेन्टिलेटर बेडको अभाव भएपछि केएमसी अस्पतलामा रेफर गरिएको थियो । केएमसी अस्पतालमा बाँकी ७ पेजमा

# 'जनयुद्धका असली उत्तराधिकारी हामी हौं'




काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य किरणले जनयुद्धका असली उत्तराधिकारी आफ्नो पार्टी र आफूहरू भएको विचार व्यक्त गर्नुभएको छ । उहाँले जनयुद्धमाथि धोका र गद्दारी गरेर संसदवादको संरक्षक बन्न पुगेका प्रचण्डहरूलाई जनयुद्ध भन्ने अधिकार नभएको समेत बताउनु भयो । पार्टीको केन्द्रीय समितिले आज पार्टी कार्यालय कुपण्डोलामा २७ औं जनयुद्धको सन्दर्भमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै महासचिव किरणले यस्तो बताउनु भएको हो ।

लामो तयारी गरेर मात्र जनयुद्ध थालिएको स्मरण गर्दै महासचिव किरणले सैद्धान्तिक/राजनीतिक, राजनीतिक, सांगठानिक र प्राविधिक गरी चार तयारी गरेर जनयुद्धका सुरु गरेकोले नै छोटो समयमा नै बाँकी ७ पेजमा

## गृहमन्त्री खाण र विप्लव नेतृत्वको नेकपाबीच तीन बुँदे सहमतिबारे वार्ता



काठमाडौं । गृहमन्त्री बालकृष्ण खाणको पहलमा सरकार र नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी(नेकपा)बीच यसअघि भएको तीन बुँदे सहमति कार्यान्वयनका सन्दर्भमा छलफल भएको छ ।

गृह मन्त्रालयमा शनिबार भएको छलफलमा सरकारका तर्फबाट गृहमन्त्री खाण, कानुन न्याय तथा संसदीय मामिलामन्त्री दीलेन्द्र बडू, महान्यायाधीवक्ता खम्मबहादुर खाती, गृहसचिव टेकनारायण पाण्डे, कानुन सचिव उदयराज सापकोटा तथा नेकपाका तर्फबाट खड्गबहादुर विश्वकर्मा सहभागी थिए ।

वार्तामा २०७७ फागुन २० गते नेपाल सरकार र नेकपाबीच भएको तीन बुँदे सहमति कार्यान्वयनमा अहिलेसम्म भएका प्रगति र अब कसरी अगाडि बढ्ने भन्ने विषयमा कुराकानी भएको गृह मन्त्रालयका प्रवक्ता फणिन्द्रमणि पोखरेलले जानकारी दिए ।

'सरकार र नेकपाबीच भएको तीन बुँदे सहमति कार्यान्वयनमा अहिलेसम्म भएका प्रगति र अब कसरी अगाडि बढ्ने भन्ने विषयमा सौहार्दपूर्ण बाँकी ७ पेजमा

# अमेरिकी साम्राज्यवादको दादागिरी र प्रत्यक्ष नाङ्गो हस्तक्षेपको क्रान्तिकारी माओवादीले गऱ्यो तीव्र विरोध र घोर भर्त्सना

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)ले अमेरिकी साम्राज्यवादको दादागिरी, ठाडोर नाङ्गो प्रत्यक्ष हस्तक्षेपको कडा शब्दमा तीव्र विरोध र घोर भर्त्सना गरेको छ । पार्टीका महासचिव मोहन वैद्य किरणले आज प्रेस वक्तव्य जारी गर्दै अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लुले एमसीसी पास गर्न नेपालका प्रधानमन्त्रीसहित पूर्वप्रधानमन्त्री तथा दलका नेताहरूलाई फोन गरेर अल्टिमेटमसहित धम्क्याएको र एमसीसीकी उपाध्यक्ष फातिमा सुमारले दिएको अन्तर्वार्ताले नेपालको स्वाधीनतामाथि ठाडो र नाङ्गो हस्तक्षेप भएको भन्दै विरोध




एवम् भर्त्सना गर्नुभएको हो ।

वक्तव्यमा अमेरिकी अधिकारीहरूले यसरी धम्क्याउँदा पनि त्यसको प्रतिवाद गर्नुको साटो नेपाली काङ्ग्रेसको केन्द्रीय कार्यसमितिको बैठकले एकमतले एमसीसी परियोजनालाई अनुमोदन गर्ने निर्णय गर्नुका साथै अमेरिकाले हाम्रै अनुरोधमा दिएको र हामीले नै अनुमोदन गर्छौं भनी प्रतिबद्धता जनाएको स्थितिमा अमेरिकी सरकारले परियोजनाबारे के हुँदैछ भनेर सोध्नु सामान्य कुरा हो भनी नेकाका नेता प्रकाश शरण महतले अमेरिकी साम्राज्यवादको तावेदारी गर्नु र एमाले र माकेले यसबारे अहिलेसम्म कुनै आधिकारिक प्रतिक्रिया नदिएर अमेरिकी हस्तक्षेपप्रति मौन स्वीकृति जनाउनु अमेरिकी साम्राज्यवादप्रतिको चरम दलालीको अभिव्यक्ति भएको समेत ठहर गरिएको छ ।

वक्तव्यमा भनिएको छ, "अमेरिकी साम्राज्यवादी शासक वर्गले हिन्द-प्रशान्त रणनीति अन्तर्गतको एमसीसी परियोजनालाई नेपालको संसदबाट अनुमोदन गराउन चर्को दवाव दिँदै आएको छ । त्यसको पछिल्लो कडी परियोजनाकि उपाध्यक्ष फतिमा सुमारले यही फागुन १६ गते तदनुसार फेब्रुअरी २८ तारिखसम्म अनुमोदन गरिसक्नु पर्ने भनी यही माघ २३ गते काठमाण्डु पोष्टमा प्रकाशित अन्तर्वार्ता मार्फत् दिएको ठाडो आदेश हो । त्यसले मात्र नपुगी अमेरिकी सहायक विदेश मन्त्री डोनाल्ड लुले पुनः अस्ति माघ २७ गते नेपाली कांग्रेसका सभापति तथा गठबन्धन सरकारका वर्तमान प्रधानमन्त्री बाँकी २ पेजमा

# विप्लवका विद्यार्थी अध्यक्षसहित सिंगो सिन्धुली जिल्ला कमिटी नेकपा (क्रान्तिकारी माओवादी)आवद्ध अखिल (क्रान्तिकारी)मा पुनर्मिलन



सिन्धुली । नेकपा (क्रान्तिकारी माओवादी)मा सम्वद्ध अखिल (क्रान्तिकारी)मा 'विप्लव नेकपा निकट विद्यार्थी संगठनका अध्यक्षसहित सिंगो सिन्धुली जिल्ला कमिटी नै पुनर्मिलन कार्यक्रमबाट समाहित भएका छन ।

नेकपा (क्रान्तिकारी माओवादी)को जिल्ला पार्टी र विद्यार्थी संगठनले आज आयोजना गरेको पुनर्मिलन कार्यक्रम मार्फत विप्लवका विद्यार्थी नेताहरूलाइ ध्रुवीकृत गरीएको हो ।

उहाँहरूलाई क्रान्तिकारी माओवादीका स्थायी समिती सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका अध्यक्ष सीपी गजुरेलले र अखिल क्रान्तिकारीका अध्यक्ष हरिकृष्ण गजुरेलले अविर र खादा ओढाएर पार्ट्टीमा स्वागत गर्नुभएको थियो ।

त्यस्तै विप्लवको पार्टीमा आवद्ध सिन्धुली जिल्लाका विद्यार्थी नेता कार्यकर्ताहरूले क्रान्तिकारी माओवादी सम्वद्ध अखिल (क्रान्तिकारी)मा पुनर्मिलन कार्यक्रम गरेर संगठनमा प्रवेश बाँकी ७ पेजमा

# २७औं जनयुद्ध दिवसमा क्रान्तिकारी माओवादीद्वारा प्रेस वक्तव्य जारी

## नयाँ जनवादी क्रान्तिको प्रक्रियामा ध्रुवीकृत हुन छरिएर रहेका क्रान्तिकारीहरुलाई विशेष आव्हान




काठमाडौं । २७ औं जनयुद्ध दिवसको अवसरमा नेकपा (क्रान्तिकारी माओवादी)ले एक ऐतिहासिक वक्तव्य जारी गरेको छ । वक्तव्यमा नेपालको राष्ट्रिय स्वाधीनता, जनतन्त्र र जनजीविकाको भयावह स्थितिको चित्रण गर्दै वर्तमान परिस्थितिमा नयाँ जनवादी क्रान्ति अनिवार्य आवश्यकता बाँकी ७ पेजमा

# आवश्यक परेमा दीर्घकालीन जनयुद्धको कार्यदिशा पनि अवलम्बन गर्न सकिन्छ



❑ **क. किरण, महासचिव– नेकपा (क्रान्तिकारी माओवादी)**

***कमरेड अभिवादन, हाल तपाईंको स्वास्थ्य अवस्था कस्तो छ ?***

धन्यवाद ! अहिले मेरो स्वास्थ्यमा सुधार र प्रगति हुँदै आएको छ ।

***नेपालमा कम्युनिस्ट पार्टी गठन भएको ७२ वर्ष बढी भइसक्यो । यत्रो अवधिमा पनि नेपालमा क्रान्ति सम्पन्न हुन नसक्नुको पछाडि के कारण होला ?***

क्रान्ति सम्पन्न हुने कुरा वर्ष गनेर हुँदैन । त्यो ऐतिहासिक आवश्यकता र आकस्मिकताको द्वन्द्वात्मक सम्बन्धका बीचबाट सम्पन्न हुन्छ । तर पनि नेपालमा अझै क्रान्ति सम्पन्न हुन नसक्नुका पछाडि मूलतः एकातिर परिस्थिति जन्य जटिलता तथा प्रतिकूलता देखा पर्नु र अर्कोतिर आन्दोलनको मूल नेतृत्वमा दक्षिणपन्थी संशोधनवादी विचलन पैदा हुनु जस्ता कारणले काम गरेका छन् ।

***तपाईले नेतृत्व गर्नुभएको नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)को लाइनसँग असहमत भई नेत्रविक्रम चन्दहरूले अलग्गै कम्युनिस्ट पार्टी गठन गर्नुभएको थियो । उहाँहरूले त जनमत संग्रहद्वारा समाजवादी व्यवस्था आउन सक्छ भन्ने कुरा गर्दै हुनुहुन्छ । के यो सम्भव छ ? मार्क्सवादी-लेनिनवादी-माओवादी प्रस्थापना अनुसार यो लाइनलाई कसरी लिनुपर्छ ?***

क्रान्तिमा बलप्रयोगको भूमिका सार्वभौम हुन्छ । जनमत सङ्ग्रहद्वारा शान्तिपूर्ण तरिकाले समाजवादी क्रान्ति हुने कुराप्रति हाम्रो विश्वास छैन । मार्क्सवाद-लेनिनवाद-माओवादका अनुसार यो लाइन दक्षिणपन्थी संशोधनवादतर्फ उन्मुख रहेको देखिन्छ ।

***तुलसीलाल, पुष्पलाल, मनमोहन,, झापा विद्रोह, मदन भण्डारी, माओवादी आदि फरक-फरक स्कुलिङको गठजोडबाट डबल नेकपा, एमाले हुँदै*** बाँकी ७ पेजमा

## सम्पादकीय

### २७औं जनयुद्ध दिवसमा क्रान्तिकारी माओवादीले दिएको सन्देश

नेकपा (क्रान्तिकारी माओवादी)ले देशैभर २७औं जनयुद्ध दिवस भव्य रुपमा मनाएको छ। उपत्यका लगायत धेरै जसो जिल्लामा साँझ राष्ट्रघाती एमसीसीका विरुद्ध मशाल जुलुस समेत प्रदर्शन गरिएको छ। उपत्यकामा महाराजगञ्जस्थित अमेरिकन दुताबास, नयाँ बानेश्वरको संसद भवन र ललितपुर हरिहरभवनस्थित मन्त्रीक्वार्टर गेटसम्म मशाल जुलुस प्रदर्शन गर्दा पार्टीका पीवीएम दिनेश शर्मा सहित २८ जना नेता कार्यकर्ताहरुलाई प्रहरीले गिरफ्तार समेत गऱ्यो। यसअघि उपत्यकामा ललितपुरको कुपण्डोलमा रहेको पार्टी कार्यालयमा पार्टी महासचिवसहित शीर्ष नेताहरुको उपस्थितिमा जनयुद्ध दिवस मनाइयो। सातवटै प्रदेशका प्रायः सबै जिल्लामा विभिन्न कार्यक्रम गरी जनयुद्ध दिवस मनाइएको छ। पार्टीको केन्द्रीय समितिकै आयोजनामा उपत्यकामा भएको कार्यक्रमलाई सम्बोधन गर्दै महासचिव किरणले जनयुद्धको लक्ष्य अझै पूरा नभइसकेकोले अब फेरि क्रान्तिका लागि चार तयारीको आवश्यकता रहेको बताउनु भयो। उहाँले जनयुद्धको तयारी बेलाको अनुभव सुनाउँदै जनयुद्धबाट शिक्षा लिएर अब फेरि क्रान्तिका लागि चार तयारी गरेर अगाडि बढ्नुपर्ने विचार व्यक्त गर्दै जनयुद्धको असली उत्तराधिकारी आफूहरु रहेको समेत दाबी गर्नुभयो। महासचिव किरणले केपी ओली र पुष्पकमल दाहाल प्रचण्डहरु कम्युनिस्ट नभएर प्रतिक्रियावादी संसदवादी भएको स्पष्ट पार्दै प्रचण्डहरुलाई 'जनयुद्ध' भन्ने अधिकार समेत नरहेको दाबी प्रस्तुत गर्नुभयो। प्रचण्ड लगायत संशोधनवादी र अवसरवादीहरुको भ्रममा रहेका क्रान्तिकारीहरुलाई गोलबन्द गरेर क्रान्तिकारीहरुको विशाल पंक्ति तयार पार्नुपर्ने स्पष्ट पार्दै क्रान्तिकारीहरु र अवसरवादीहरु लामो समयसम्म एउटै पार्टीमा रहन नसक्ने विचार समेत प्रस्तुत गर्नुभयो।

यसअघि जनयुद्ध दिवसकै सन्दर्भमा जारी गरिएको प्रेस वक्तव्यमा 'नेपालमा लोकतान्त्रिक गणतन्त्रको स्थापना भएपछि पनि मजदुर, किसान, महिला, आदिवासी जनजाति, मधेशी, मुस्लिम लगायत आम उत्पीडित नेपाली जनताले जनतान्त्रिक अधिकारहरुको प्रयोग गर्न पाएका छैनन्, बरु प्राप्त सिमित अधिकारहरु पनि क्रमशः खोसिँदै जान थालेका छन्। बढ्दो बेरोजगारी र आकाशिंदो महङ्गीका कारण मानिसलाई जीवन धान्न नै धौ धौ भएको छ। देशको राष्ट्रिय स्वाधीनता एक पछि अर्को गरी गंभीर खतरामा पर्दै गएको छ। हिन्द-प्रशान्त रणनीतिको अङ्ग रहेको एमसीसी परियोजनालाई नेपालको संसदबाट अनुमोदन गराउन अमेरिकी साम्राज्यवादी शासकहरुले संसदवादी पार्टीका नेताहरुलाई फोन तथा विभिन्न संचार माध्यमबाट धम्की दिन थालेका छन्। लिम्पियाधुरा, कालापानी र लिपुलेक कब्जागरेर बसेका भारतीय विस्तारवादी शासकहरुले नेपाली भूमिमा सडक निर्माण र विस्तार गरेको खुला घोषणा गर्दा पनि त्यसबारे सामान्य कूटनैतिक विरोधसम्म पनि नगरेर तिनिहरु भारतीय विस्तारवादी शासक वर्गका सामु लम्पसार परेका छन्। वस्तुतः नेपालका संसदवादी पार्टीका शीर्ष नेताहरु नै देशको औपनिवेशीकरण गर्ने प्रक्रियामा साम्राज्यवाद तथा विस्तारवादका भरपर्दा मतियार बन्न पुगेका छन्। यसरी देश दिन प्रतिदिन पराधीन हुँदै गएको' विश्लेषण गरिएको छ।

वक्तव्यमा नेपाली क्रान्तिले धक्का अवश्य खाएको भए पनि क्रान्तिको प्रक्रिया नरोकिएको, विश्व सर्वहारा वर्गले क्रान्तिको प्रक्रियामा विगतमा आर्जन गरेका सकारात्मक तथा नकारात्मक अनुभवहरुबाट पाठ सिक्दै, मार्क्सवाद-लेनिनवाद-माओवादलाई नेपाली विशेषतामा सिर्जनात्मक ढङ्गले प्रयोग गर्दै आफ्नो पार्टी नेपालमा नयाँ जनवादी राज्यसत्ता स्थापनाका लागि क्रान्तिको तयारीमा जुटेको उल्लेख गरिएको छ। र, स्वतन्त्र रुपमा क्रियाशील क्रान्तिकारी समूहहरु, अहिलेसम्म पनि भ्रमबस अवसरवादी तथा संशोधनवादी पार्टीमा रहेका क्रान्तिकारीहरु र स्वतन्त्र व्यक्तित्वहरुलाई क्रान्तिको प्रक्रियामा ध्रुवीकृत तथा एकीकृत भई अगाडि बढ्न विशेष आह्वान समेत गरिएको छ।

उल्लेखित विश्लेषण, आव्हान र गतिविधिबाट क्रान्तिकारी माओवादीले अब एउटा छलाङ लगाउने तयारी गरिरहेको छ। क्रान्तिका लागि अनुकूल रहेको वस्तुगत अवस्थामाथि आत्मगत पहलकदमी बढाएर श्रेष्ठता हासिल गर्ने तयारीमा रहेको छ। राष्ट्रिय स्वाधीनताको रक्षा, जनतन्त्रको स्थापना र जनजीविकाका समस्याहरुको समाधानका लागि अपरिहार्य रहेको नयाँ जनवादी क्रान्तिको प्रक्रियामा सबै क्रान्तिकारीहरु ध्रुवीकृत हुन जरुरी छ। महासचिव किरणले भनेजस्तै क्रान्तिकारीहरु र अवसरवादीहरुको कित्ता स्पष्ट रुपमा छुट्टिन जरुरी छ। क्रान्तिकारीहरु र अवसरवादीहरुको एउटै पार्टी हुन सक्दैन। नयाँ जनवादी क्रान्तिको अहिलेको प्रमुख कार्यभार भनेको देशको स्वाधीनता र सार्वभौमिकताको रक्षा हो। त्यस निम्ति एमसीसी सम्झौता खारेजीको संघर्षमा सम्पूर्ण शक्ति केन्द्रित गर्नुपर्छ।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं।
www.moolbato.com

# एमसीसी सम्झौता र राष्ट्रिय स्वाधिनताको प्रश्न-४



● खगेन्द्र छन्त्याल ●

***एमसीसी : संशोधन या खारेज ?***

माथि चर्चा गरीय अनुसार एमसीसी अमेरिकी ईन्ड़ो प्यासिफिक रणनीति अन्तर्गतको हो या होईन ? र यो अनुदान हो या लगानी ? भन्ने प्रश्नमा झैं यो सम्झौतालाई संसदमा के गर्ने ? भन्ने प्रश्नमा पनि नेपाली समाज विभाजित देखिन्छ। केहिले यसलाई हुबहु पारित गर्नुपर्ने ,केहिले पूर्णतया खारेज गरिनुपर्ने र केहिले संशोधन गरेर पारित गर्नुपर्ने तर्क प्रस्तुत गरेको देखिन्छ। हुबहु पारित गर्नुपर्दछ भन्नेहरू अमेरिकी साम्राज्यवादका नाङ्गा दलालहरू हुन् तिनीहरूले नाङ्गै बनेर आफ्ना मालिकको सेवा गर्नु कुनै अनौठो कुरो होईन। घर भत्कायर आँगन पुर्ने तथा आमाको अस्मिता वेचेर प्राण धान्नेहरू संग बहशको अर्थ छैन। नेपाल र नेपालीका दुश्मनहरू विस्तारवादी र साम्राज्यवादीहरू संगै तिनलाई पनि उही खाडलमा पुरेर ठुक्नुको बिकल्प छैन।

देशभक्त नेपाली जनताले एमसीसी पूर्णतया खारेज गर्नुपर्दछ भनिरहेकाछन। देशभक्त नेपालीहरू र अमेरिकी दलालहरू आमनेसामने लडिरहेको वेला केहि अवसरवादीहरूले बिचमा बसेर अवसरको खोजि गरिरहेको देखिन्छ। हरेक ठाउमा अवसर ढुकेर बस्नेहरू कहिल्यै देशभक्त हुन् सक्दैनन। अवसर प्राप्तिका निम्ति तिनले आमाको अस्मिता बन्धकी राख्न पछि पर्दैनन। आमाको अस्मिता रक्षाको लडाईमा बिचमा बसेर अवसर खोज्नेहरू कदापि आमाको सच्चा सन्तान हुनसक्दैनन।

एमसीसी सम्झौतालाई संशोधन गरेर संसद वाट पारित गर्नुपर्दछ भन्ने अवसरवादीहरू पनि अमेरिकी दलाल नै हुन् तर छदम दलाल। आफ्नो अवसरलाई मध्यनजर गरेर तर्क गर्ने यिनले भोली कुनैदिन एमसीसी हुबहु पारित गर्नुपर्दछ भन्न पछि पर्ने छैनन्। तत्काल उनीहरूको तर्क के छ भने केहि शर्तहरू राष्ट्रघाती छन तिनलाई संशोधन गरेर पारित गर्दा हुन्छ। दलालहरूलाई हामी प्रश्न गर्दछौ के केहि शर्तहरू संशोधन गर्दैमा एमसीसी भित्र लुकेको अमेरिकी लक्ष परिवर्तन हुन्छ ? के शर्त संशोधन गर्दैमा एमसीसी इन्डो प्यासिफिक रणनीति देखि अलग हुन्छ ? के शर्त संशोधन गर्दैमा खतरनाक अमेरिकी लगानी अनुदानमा परिणत हुन्छ ?

शर्तहरू लक्ष प्राप्तिको निम्ति टेक्ने आधार मात्र हुन् तिनको संशोधन र परिमार्जनले लक्षमा केहि असर पर्दैन। लक्ष यथावत रहे सम्म लक्षमा पुग्ने बाटाहरू विभिन्न बन्न सक्दछन। एमसीसीको नेपाल लक्ष भनेको नेपाललाई बर्बाद गरेर आफ्नो स्वार्थ दोहन गर्नु हो। नेपाललाई युद्ध मैदान बनाएर चीन संग युद्ध लड्नु एमसीसीको नेपाल लक्ष हो। नेपालको रास्ट्रियता,स्वतन्त्रता र स्वाधिनता माथि धावा बोल्नु एमसीसीको नेपाल लक्ष हो। शर्तहरू जतिसुकै संशोधन र परिमार्जन भएपनि एमसीसीका यी लक्षहरू संशोधन र परिमार्जन हुनेवाला छैनन। यसको अलावा ति शर्तहरू जो अमेरिकाका छदम दलालहरूले संशोधनका कुरा गरिरहेकाछन ति संशोधन हुनसक्दैनन भनेर उनका मालिकहरूले भनिसके। जव नेपाल सरकारले अमेरिकालाई एमसीसीको वारेमा कथित केहि प्रश्न गऱ्यो तव एमसीसीले जवाफ पठायो। उक्त जवाफको बुँदा न ६ मा राम्रै संग उल्लेख गरिएकोछँ हस्ताक्षर सम्पन्न भइसकेको एमसीसी नेपाल कम्प्याक्टलाई अहिले संशोधन गर्न सकिँदैन। मालिकको यो जवाफले तिनीहरूमा छटपटी पैदा भएकोछ। छिट्टै ति छदम दलालहरूको कित्ता क्लियर हुनेछ र उनीहरू नाङ्गो रूपमा एमसीसीको पक्षमा उभिन बाध्य हुनेछन। राष्ट्रघाती सम्झौता संशोधन भनेको स्वयं सम्झौता हो। देशभक्तहरूले राष्ट्रघाती सम्झौता संग सझौता होइन संघर्ष गरेर त्यसको खारेजी गर्नुपर्दछ।

***निस्कर्ष***

एउटा स्वतन्त्र र सार्वभौम रास्ट्रलाई गलत प्रकारका सन्धि ,सम्झौताहरूले कति सम्म पराधिन बनाउन सक्दछन भन्नेकुराको राम्रो उदाहरण हुन् नेपाल भारत विच भएका तिन गलत सन्धिहरू। सन् १८१६ को सुगौली सन्धि ,१९५० को नेपाल भारत शान्ति तथा मैत्री सन्धि र १९६५ को नेपाल भारत ब्यापार तथा पारवहन सन्धि। यी तिन सन्धि कै कारण नेपाल छिमेकी मुलुक भारतको दास बन्न बाध्य भयो। स्वतन्त्र र सार्वभौम मुलुक नेपाललाई यी तिन असमान सन्धिले निरिह र पराधिन रास्ट्र बनायो। त्यस्तै गलत प्रकारको सन्धि सम्झौताले आफ्ना प्राकृतिक स्रोत साधनहरू अर्को देशले कसरी लुट्न सक्दछ भन्नेकुराको राम्रा उदाहरण हुन् नेपाल र भारत विच भएका कोशी र गण्डक सम्झौता तथा महाकाली सन्धि।

अमेरिकी शासकहरूले आफ्ना दलालहरू मार्फत नेपाल र नेपाली जनताहरू माथि रास्ट्रघाती एमसीसी सम्झौता जवर्जस्त लाडदैछन। माथि उल्लेखित असमान सन्धि,सम्झौता हरू भन्दा नेपाल र नेपालीका निम्ति एमसीसी सम्झौता झन् बढी खतरनाक छ। उल्लेखित सन्धि,सम्झौताले नेपाललाई पराधिन राष्ट्र बनायो साथै ति सम्झौताको कारण नेपालका नदि नाला जस्ता प्राकृतिक स्रोत साधनहरू सवै भारतको कब्जामा पऱ्यो। तथापि ति सन्धि सम्झौता नै कुनै दुईदेश विचको युद्धको मैदान नेपाल बन्नुको कारण चाही बनेनन।

तर एमसीसी सम्झौताले अमेरिका-चीन युद्धको मैदान नेपाल बन्ने निश्चित देखिन्छ। यद्दपि कुनै सन्धि सम्झौता बिना नै भारतीय सेना नेपालको कालापानी कब्जा गरेर बसेको छ त्यो अन्यायपूर्ण हो। त्यसका बिरुद्ध न्यायप्रेमी नेपाली जनताले दैनिक 'भारतीय सेना कालापानी छोड ' को नारा घन्काई रहेकाछन। र यो नारा तव सम्म घन्की रहन्छ जव सम्म भारतीय सेनाले कालापानी छोडेर कुटीयांडी पारी जादैन। एउताकुरा के सत्य हो भने अमेरिकी सेनाले अफगानस्तान, सिरिया,लिबिया ,ईराक लगायत कैयौ देशहरूमा युद्धको नाममा त्याहाका मुख्य शहर र सडकमा निक्लेर त्याहाका नागरिकहरू माथि जे जति क्रुर ,पाशविक र अति अन्यायपूर्ण ज्यादती गरे कालापानीमा क्याम्प भित्र बसेका भारतीय सेनाले त्यस्तो गरेको देखिदैन। यसको कारण हो घोषित रूपमा नेपालमा युद्ध नहुनु तथा नेपाल कुनै दुई देश विचको युद्धको मैदान नहुनु। यदि भोलि चीन-अमेरिका युद्ध भैहाल्यो भने ईन्ड़ो प्यासिफिक सैन्य कमाण्ड मार्फत भारत पनि चीन बिरुद्ध युद्धमा सामेल हुन्छ। नेपालको कालापानीमा भारतले सेना राख्नुको उद्देश्य पनि आवस्यक पर्दा चीन संग लड्न सजिलो होस् भन्न कै निम्ति हो। जव चीन-अमेरिका युद्ध हुन्छ तव ईन्ड़ो प्यासिफिक सेनाको एउटा मुख्य सैन्य क्याम्प कालापानीमा बन्छ। त्यसपछि अमेरिका,सिरिया,लिविया,ईराक आदि देशमा अमेरिकी सेनाले गरेका ज्यादती नेपालमा भारतीय र अमेरिकी सेनाले युद्धको बहानामा जस्ताको तस्तै दोहो-याउने कुरामा कुनैशंका छैन।

एमसीसी एउटा अमरिकी निकाय भएको कारण जे र जति आर्थिक,भौतिक र बौद्धिक चिजहरू एमसीसीको हुन्छ ति सवै स्वत अमेरिकाको हो। एमसीसीको कथित अपरिवर्तनीय शर्त अनुसार एमसीसीले ओगटेका सम्पूर्ण भूभागहरू ,त्याहा बनेका भौतिक संरचना,नदीनाला मात्र होईन बौद्धिक सम्पति समेत सवै कानुनीरूपमा नै एमसीसी कै हुनेछन। र त्याहा नेपालको होईन अमेरिकाको कानुन लागु हुनेछ। ति सम्पति ,कानुन र संरचनाको रक्षाको नाममा अमेरिकी सेना नेपाल आउने सुनिश्चित छ। यो स्थितिमा नेपाली जनजीवन कति दर्दनाक होला सहजै अनुमान गर्न सकिन्छ।

शान्तिको नाममा अमेरिकाले खाडीका रास्ट्रहरूमा सेना उता-यो। तर उसको भित्रि योजना त्याहाको तेल कब्जा गर्नु थियो, ग-यो। सयौ बर्ष अमेरिका खाडीको तेल वाट बाच्यो। अव त्यहाको तेल रित्तिदै छ त्यसकारण उसले बाच्ने आधार खोजिरहेको छ। यहीक्रममा उसको आँखा ईन्ड़ो -प्यासिफिक क्षेत्र तिर परेकोछ। हिन्द महासागरमा अवस्थित देशहरूमा अवको केहि समय पछि उत्पादन हुनसक्ने सम्भावित बिधुतको बिशाल भण्डार तथा त्याहाका बहुमुल्य खनिज पदार्थ तथा जडिवुटी जन्य चिजहरूमा उसको ध्यान पुगेको देखिन्छ। नेपालको मुस्ताङ्मा भेटियको अमुल्य युरेनियम र याहाका हिमाली भागमा पाईने यार्सागुम्वा लगायत जडिवुटी तिर उसको नजर लाग्नु कुनै अनौठो कुरा होईन। खाडी रास्ट्रलाई गर्नु सम्म दोहन गरिसकेपछि हिन्द महासागरमा अवस्थित देशहरूलाई लुट्न सके सम्म लुट्ने योजना अन्तर्गत ईन्ड़ो -प्यासिफिक रणनीति मार्फत एमसीसी बोकेर नेपालमा अमेरिका प्रवेश गर्दैछ। तसर्थ एमसीसी पारित गरेर गरिवी न्यूनीकरणको नाममा अमेरिका प्रवेश गरिसकेपछि छोटो समयमै नेपालका युरेनियम तथा यार्सा गुम्वा लगायतका बहुपयोगी तथा बहुमुल्य जडिवुटीहरू अमेरिकामा भण्डारण सुरु हुने निश्चित छ।

कुनै दिन ब्रिटिश साम्राज्यवादले आफुलाई कहिल्यै नअस्ताउने घाम भने झैं सोभियत सामाजिक साम्राज्यवादको पतन पश्चात विस्वमा एक नम्वर बनेको अमेरिकी साम्राज्यवादले आफुलाई सधै एक नम्वर दावी गरिरहनु कुनै आश्चर्य भएन। यो अवस्थामा एकाएक चीनको उदय उसको निम्ति टाउको दुखाईको बिषय बन्नु स्वाभाविक थियो। आर्थिक र सामरिक रूपमा जवर्जस्त उदायको चीनलाई रोकेर आफुनै एक नम्वरको महाशक्ति बनिरहनु अमेरिकाको निम्ति सजिलो थिएन। उसले शुरुमा आर्थिक रूपमा चीनलाई रोक्ने प्रयास स्वरूप एमसीसी निर्माण गरेर बिस्वब्यापिकरण ग-यो। त्यो कामयावी नभय पश्चात फौजीरूप मै चीनलाई ध्वस्त गर्ने रणनीति अन्तर्गत ईण्डो-प्यासिफिक सैन्य रणनीति निर्माण ग-यो र त्यही अन्तर्गत एमसीसीलाई ल्यायो। अमेरिकाले ईण्डो-प्यासिफिक रणनीति अन्तर्गत यस क्षेत्रका देशहरूलाई चीनका विरुद्ध घेरावन्दीको निम्ति उक्साईरहेकोछ। अमेरिकी आँखा वाट चीन संग लड्नको निम्त हिन्द महासागर भित्रका देशहरू मध्य सामरिक रूपमा सवभन्दा उपयोगी देश नेपाल देखियो। आजको युगमा एउटा देश संग लड्नको निम्ति अर्को देश भित्र सोझै बन्दुक बोकेर छिर्नु सम्भव थिएन। वास्तवमा यहि कारणले नै अमेरिकाले एमसीसीको पोको भित्र बन्दुक लुकायर नेपाल प्रवेश गर्दैछ। बिकासको नाममा नेपाललाई तकाल अनावस्यक क्षमताका बिधुत प्रशारण लाईन र अनावस्यक चौडा सडक निर्माण गरेर युद्धको तैयारी गर्दैछ।

निश्चय नै युद्ध राम्रो चिज होईन। युद्धको मुख्य असर युद्धग्रस्त क्षेत्रमा पर्ने भएतापनि संसारभर त्यसको केहि न केहि असर अवस्य पर्दछ। त्यसकारण हामि अमेरिका-चीन सम्भावित युद्धको बिरुद्धमा छौ र हाम्रो प्रयत्न त्यो युद्ध रोक्ने नै हुनुपर्दछ। त्यसको वावजुद युद्ध भैहालेमा हामीले हाम्रो आफ्नो असंलग्न पररास्ट्र नीतिमा अडिग रहनुपर्दछ। कुनै एकको समर्थन र अर्काको बिरोधमा गतिविधि गर्नुहुदैन। नेपालको ढाडमा टेकेर चीनको टाउकोमा हान्ने अमेरिकी योजनामा नेपाल कदापि संलग्न हुनुहुदैन। यसले नेपालको असंलग्न पररास्ट्र नीतिको उलंघन त गर्छ नै साथै नेपाल युद्धग्रस्त क्षेत्र बन्छ। हाम्रो जस्तो सानो भूगोल र थोरै जनसंख्या भएको देशमा युद्ध वाट प्रभावित हुन् वाट बच्न न कुनै एउटा कुना कन्दरा बाँकी रहने छ न कुनै एउटा व्यक्ति। सिङ्गो नेपाल र नेपालीहरू युद्ध वाट प्रभावित हुनेछन। अमेरिकी-चिनी स्वार्थमा नेपाल ध्वस्त हुनेछ ,कैयौ नेपालीको ज्यान जानेछन,कैयौ अंगभंग हुनेछन। कैयौ मान्छे घरवार तथा सम्पति बिहिन हुनेछन।


तसर्थ : एमसीसी एउटा सामान्य बिकासको कार्यक्रम नभई नेपालको रास्ट्रिय स्वाधिनता,स्वतन्त्रता, शान्ति, सु-ब्यबस्था र स्वशासन संग सम्बन्धित बिषय हो। सवै सम्भावित दुर्घटना रोक्न र नेपाल र नेपालीको शुन्दर भविश्यको रक्षा गर्नको निम्ति खतरनाक अमेरिकी परियोजना एमसीसी खारेज गर्नुपर्दछ। यदि कुनै कारणवश अमेरिकी दलालहरूले संसदबाट एमसीसी पारित गरेछन भनेपनि अफ्रिकी देश मालीका जनताले माली वाट खेदे झैं एमसीसीलाई नेपाली जनताले नेपाल देखि खेद्नु पर्द्छ। समाप्त।

## अमेरिकी...

शेरबहादुर देउवा, नेकपा एमालेका अध्यक्ष के पी शर्मा ओली र नेकपा (माके)का अध्यक्ष पुष्पकमल दाहाललाई प्रत्यक्ष फोनबाट तोकिएको सीमाभित्र एमसीसी परियोजना संसदबाट अनुमोदन गर्नुपर्ने र सो नगरे चीनको दवावका कारण अनुमोदन हुन नसकेको भनी बुझ्ने भनेर शीर्ष नेताहरूलाई धम्क्याइएको कुरा विभिन्न संचार माध्यममा प्रकाशित भएको छ। यसलाई सम्बन्धित पार्टीका आधिकारिक स्रोतहरूले पुष्टि समेत गरेका छन्। यो अमेरिकी साम्राज्यवादको दादागिरी र एउटा सार्वभौम देशको राष्ट्रिय स्वाधीनतामाथिको ठाडो र नाङगो हस्तक्षेप हो।

अर्कोतिर, अमेरिकी साम्राज्यवादको यस प्रकारको प्रत्यक्ष हस्तक्षेप हुँदा पनि त्यसको प्रतिवाद गर्नुको साटो नेपाली काङ्ग्रेसको केन्द्रीय कार्यसमितिको बैठकले एकमतले एमसीसी परियोजनालाई अनुमोदन गर्ने निर्णय गर्नुका साथै अमेरिकाले हाम्रै अनुरोधमा दिएको र हामीले नै अनुमोदन गर्छौं भनी प्रतिबद्धता जनाएको स्थितिमा अमेरिकी सरकारले परियोजनाबारे के हुँदैछ भनेर सोध्नु सामान्य कुरा हो भनी नेकाका नेता प्रकाशशरण महतले अमेरिकी साम्राज्यवादको तावेदारी गरेका छन्। एमाले र माकेले यसबारे अहिलेसम्म कुनै आधिकारिक प्रतिक्रिया नदिएर अमेरिकी हस्तक्षेपप्रति मौन स्वीकृति जनाएका छन्। यो नेपालका शासक वर्गको अमेरिकी साम्राज्यवादप्रतिको चरम दलालीको अभिव्यक्ति हो।

हाम्रो पार्टी अमेरिकी साम्राज्यवादको यस प्रकारको प्रत्यक्ष हस्तक्षेप र संसदवादी राजनीतिक पार्टीहरूले गरेको अमेरिकी साम्राज्यवादको नाङ्गो दलालीको तीव्र भर्त्सना र घोर विरोध गर्दछ। साथै, देशको राष्ट्रिय स्वाधीनतामाथि गंभीर खतरा मडारिइरहेको वर्तमान स्थितिमा एमसीसी परियोजनालाई खारेज गराउन र देशको सार्वभौमिकताको रक्षा गर्नका लागि सबै क्षेत्रबाट आवाज बुलन्द गर्नुका साथै सङ्घर्ष अगाडि बढाउन हामी सम्पूर्ण देशभक्त, प्रगतिशील, वामपन्थी तथा क्रान्तिकारी पार्टी, समुदाय र व्यक्तित्वहरूमा हार्दिक अपील गर्दछौं।'



संसारका मजदुरहरु एक हौं ! मार्क्सवाद-लेनिनवाद-माओवाद जिन्दावाद !

नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)
Communist Party of Nepal (Revolutionary Maoist)
केन्द्रीय समिति
Central Committee

पत्र संख्या/Serial No. :-
चलानी नं./Regd. No. :-

प्रेस-वक्तव्य

अमेरिकी साम्राज्यवादी शासक वर्गले हिन्द-प्रशान्त रणनीति अन्तर्गतको एमसीसी परियोजनालाई नेपालको संसदबाट अनुमोदन गराउन चर्को दवाव दिंदै आएको छ। त्यसको पछिल्लो कडी परियोजनाकि उपाध्यक्ष फतिमा सुमारले यही फागुन १६ गते तदनुसार फेब्रुअरी २८ तारिखसम्म अनुमोदन गरिसक्नु पर्ने भनी यही माघ २३ गते काठमाण्डु पोष्टमा प्रकाशित अन्तर्वार्ता मार्फत् दिएको ठाडो आदेश हो। त्यसले मात्र नपुगी अमेरिकी सहायक विदेश मन्त्री डोनाल्ड लुले पुन: अस्ति माघ २७ गते नेपाली कांग्रेसका सभापति तथा गठबन्धन सरकारका वर्तमान प्रधानमन्त्री शेरबहादुर देउवा, नेकपा एमालेका अध्यक्ष के पी शर्मा ओली र नेकपा (माके)का अध्यक्ष पुष्प कमल दाहाललाई प्रत्यक्ष फोनबाट तोकिएको सीमाभित्र एमसीसी परियोजना संसदबाट अनुमोदन गर्नु पर्ने र सो नगरे चीनको दवावका कारण अनुमोदन हुन नसकेको भनी बुझ्ने भनेर शीर्ष नेताहरुलाई धम्क्याइएको कुरा विभिन्न संचार माध्यममा प्रकाशित भएको छ। यसलाई सम्वन्धित पार्टीका आधिकारिक स्रोतहरुले पुष्टि समेत गरेका छन्। यो अमेरिकी साम्राज्यवादको दादागिरी र एउटा सार्वभौम देशको राष्ट्रिय स्वाधीनतामाथिको ठाडो र नाङगो हस्तक्षेप हो।

अर्कोतिर, अमेरिकी साम्राज्यवादको यस प्रकारको प्रत्यक्ष हस्तक्षेप हुँदा पनि त्यसको प्रतिवाद गर्नुको साटो नेपाली काङ्ग्रेसको केन्द्रीय कार्यसमितिको बैठकले एकमतले एमसीसी परियोजनालाई अनुमोदन गर्ने निर्णय गर्नुका साथै अमेरिकाले हाम्रै अनुरोधमा दिएको र हामीले नै अनुमोदन गर्छौं भनी प्रतिबद्धता जनाएको स्थितिमा अमेरिकी सरकारले परियोजनाबारे के हुँदैछ भनेर सोध्नु सामान्य कुरा हो भनी नेकाका नेता प्रकाशशरण महतले अमेरिकी साम्राज्यवादको तावेदारी गरेका छन्। एमाले र माकेले यसबारे अहिलेसम्म कुनै आधिकारिक प्रतिक्रिया नदिएर अमेरिकी हस्तक्षेपप्रति मौन स्वीकृति जनाएका छन्। यो नेपालका शासक वर्गको अमेरिकी साम्राज्यवादप्रतिको चरम दलालीको अभिव्यक्ति हो।

हाम्रो पार्टी अमेरिकी साम्राज्यवादको यस प्रकारको प्रत्यक्ष हस्तक्षेप र संसदवादी राजनीतिक पार्टीहरुले गरेको अमेरिकी साम्राज्यवादको नाङ्गो दलालीको तीव्र भर्त्सना र घोर विरोध गर्दछ। साथै, देशको राष्ट्रिय स्वाधीनतामाथि गंभीर खतरा मडारिइरहेको वर्तमान स्थितिमा एमसीसी परियोजनालाई खारेज गराउन र देशको सार्वभौमिकताको रक्षा गर्नका लागि सबै क्षेत्रबाट आवाज बुलन्द गर्नुका साथै सङ्घर्ष अगाडि बढाउन हामी सम्पूर्ण देशभक्त, प्रगतिशील, वामपन्थी तथा क्रान्तिकारी पार्टी, समुदाय र व्यक्तित्वहरुमा हार्दिक अपील गर्दछौं।

मिति : २९ माघ २०७८

किरण
महासचिव
नेकपा (क्रान्तिकारी माओवादी)

# महान् जनयुद्धलाई फर्केर हेर्दा

● क. वसन्त ●




***विषयको प्रस्तुती***

"प्रतिक्रियावादी राज्यसत्तालाई ध्वंश गर्दै नयाँ जनवादी राज्यसत्ता निर्माण गर्न जनयुद्धको बाटोमा अघि बढौं" भन्ने मूल नाराका आधारमा तात्कालीन नेपाल कम्युनिस्ट पार्टी (माओवादी)ले ०५२ फागुन १का दिन दीर्घकालीन जनयुद्धको थालनी गरेको थियो । आन्तरिक रूपमा सामन्तवाद र दलाल तथा नोकरशाही पुँजीवादको शोषण एवम् उत्पीडन र बाह्य रूपमा साम्राज्यवाद तथा विस्तारवादको हस्तक्षेपको अन्तगर्नका लागि राजतन्त्रात्मक संसदीय व्यवस्थाका ठाउँमा नयाँ जनवादी गणतन्त्र स्थापना गर्ने उद्देश्य सहित सुरु गरिएको महान जनयुद्धले २४वर्ष पुरा गरी २५औं वर्षमा प्रवेश गरेको छ । नेपाली कम्युनिस्ट आन्दोलनको ७० वर्षको इतिहासमा यो अवधि क्रान्ति र प्रतिक्रान्ति दुवैका दृष्टिले निकै उत्कर्षको अवधि हुन गयो । यस कालखण्डमा घटेका सम्पूर्ण राजनीतिक घटनाक्रमको समग्र समीक्षा गर्न यो सङ्क्षिप्त लेखमा संभव छैन र यसको उद्देश्य पनि होइन । यहाँ जनयुद्धको थालनीका लागि वैचारिक पूर्वाधारको निर्माण, पार्टीको प्रतिवद्धता र जनयुद्धको ऐतिहासिक थालनी, जनयुद्धको प्रक्रियामा प्राप्त भएका राजनीतिक उपलव्धिहरू, मूल नेतृत्वको वैचारिक विचलन, गद्दारी तथा प्रतिक्रान्ति र प्रतिक्रान्तिको यो समग्र प्रक्रियाबाट क्रान्तिकारीहरूले आउने दिनमा लिनुपर्ने शिक्षा जस्ता विषयमा केन्द्रित रहने छ ।

***जनयुद्धको वैचारिक आधार***

नेपालमा जनयुद्धको थालनीका लागि पार्टीको वैचारिक आधार सामान्यतः नेकपा (मशाल)को गठन पछि र विशेषतः एकता केन्द्रको निर्माणदेखि तेस्रो विस्तारित बैठकसम्म आइपुग्दा तयार भएको हो । जनयुद्धको थालनी, निरन्तरता र विकासका निमित्त विचार निर्माणका दृष्टिले यो अवधि अत्यन्त महत्वपूर्ण रहेको छ । नेकपा (मशाल), नेकपा (चौम), सर्वहारावादी श्रमिक सङ्गठन र विद्रोही नेकपा (मसाल)का बीचको एकता पछि बनेको पार्टी नेकपा (एकता केन्द्र)मा चलेको भीषण दुई-लाइन सङ्घर्षको प्रक्रियामा जुन गहन सैद्धान्तिक बहस भयो त्यसले पार्टीभित्र क्रान्तिकारीहरूको वैचारिक धरातललाई निकै माथि उठायो । २०४८ सालमा सम्पन्न एकता महाधिवेशनका क्रममा मूख्यतः माओवाद र माओ विचारधाराका बीचको सैद्धान्तिक बहस र दुईथरी सैन्य कार्यदिशा (दीर्घकालीन जनयुद्ध र सशस्त्र विद्रोह)का बीचको पेचिलो दुई-लाइन सङ्घर्षले विचार निर्माणका क्षेत्रमा निकै महत्वपूर्ण भूमिका खेलेको थियो । त्यो सङ्घर्षले क्रान्तिकारीका बीचमा मूख्यतः माओवाद तथा जनयुद्धलाई बुझ्ने सन्दर्भमा एकरूपता कायम गराई क्रान्तिकारी ध्रुवीकरण गरायो र तिनको वैचारिक एकतालाई थप सुदृढ बनायो । एकता महाधिवेशनसम्म आइपुग्दा एकता-सङ्घर्ष-रूपान्तरणका कारण पुरानो एकता भङ्ग भएर नयाँ आधारमा नयाँ एकता निर्माण हुन गयो । यो वैचारिक सङ्घर्षको क्रममा क्रान्तिको गफ हाँक्ने तर संसदीय बाटोको अवलम्बन गरिरहने दक्षिणपंथी विसर्जनवादीहरू नङ्गेझार हुँदै गए । एउटा वाक्यमा भन्नुपर्दा त्यो वैचारिक सङ्घर्षको प्रक्रियामा सच्चा क्रान्तिकारीहरू एकतावद्ध र सुदृढ बन्न गए भने दक्षिणपंथीहरू विखण्डित र थप कमजोर बने ।

पार्टीले महाधिवेशनद्वारा पारित दीर्घकालीन जनयुद्धको कार्यदिशालाई लागु गर्नका लागि वर्ग सङ्घर्षका योजना निर्माण गर्ने प्रक्रियामा पार्टी भित्रको दुईलाइन सङ्घर्षले जनवादी केन्द्रीयताको सीमा नाघेर दुश्मनीपूर्ण रूप लिन थाल्यो । पार्टीको योजना कार्यान्वयनमा बाधा हाल्ने र पार्टीलाई अगाडि बढ्न नदिने स्थिति पैदा भए पछि पार्टीले दक्षिणपंथी विसर्जनवादीहरूलाई पार्टीबाट हटाउनुको विकल्प रहेन । २०५२को पूर्वार्धमा आयोजना गरिएको तेस्रो विस्तारित बैठकले तिनलाई पार्टीबाट हटापछि पार्टीको नाम नेकपा (माओवादी) राखियो र त्यसपछि बसेको के.स.को बैठकले नपाली जनयुद्धको पहिलो योजना निर्माण गऱ्यो । यसले नेपाली विशेषताका आधारमा सङ्गठन र सङ्घर्षका समग्र कामलाई प्रधान र सहायकमा छुट्याई नेपाली जनयुद्ध समग्र युद्धका रूपमा अगाडि बढ्ने कुरा औंल्यायो । मूख्यतः एकता केन्द्र निर्माण भएपछि करीव ५ वर्षको घनिभूत वैचारिक, राजनीतिक, साङ्गठनिक र सङ्घर्षसम्बन्धी तयारीको प्रक्रियाबाट गुज्रेर मात्र तात्कालीन नेकपा (माओवादी) जनयुद्धको उद्घोष गर्ने स्थितिमा पुगेको हो । हामीले महान जनयुद्धको विगतलाई फर्केर हेर्दा विचार निर्माण र तयारीको यो कष्टशाध्य अवधिलाई कहिल्यै भुल्न सक्दैनौ र भुल्नु हुँदैन ।

चार तयारीका काम पुरा गरिसकेपछि केन्द्रीय समितिले जनयुद्धको थालनीका लागि मूर्त योजना निर्माण गऱ्यो । नेपाली विशेषताका आधारमा देशलाई मूख्य, सहायक र प्रचारात्मक गरी तीन भागमा बाँडेर आक्रमणका निशानाहरूको छनोट भयो । प्रहरी चौकी, सुदखोर, कोकाकोला कारखाना र साना किसान परियोजनाका कार्यालयलाई आक्रमणका मुख्य निशाना बनाइए । निशानाको यो छनोटले नेपाली नयाँ जनवादी क्रान्ति क्रमशः प्रतिक्रियावादी राज्यसत्ता, सामन्तवाद, नोकरशाही पुँजीवाद र दलाल पुँजीवादका विरुद्ध लक्षित छ भन्ने कुराको सन्देश दिन्थ्यो ।

***प्रतिवद्धता, थालनी र निरन्तरता***

जनयुद्ध थालनीको ठीक पहिले पार्टीले सात बुँदे प्रतिवद्धता पारित गरेको थियो । यसले युगान्तकारी महत्व राख्दछ । उक्त प्रविद्धताको पहिलो बुँदामा क्रान्तिकारी हिंसा मार्क्सवाद-लेनिनवाद-माओवादका शिक्षामा आधारित हुने र पार्टी जनयुद्धको सिद्धान्तप्रति प्रतिवद्ध रहने प्रतिज्ञा गरिएको छ । दोस्रो बुँदामा राज्यसत्ताबाहेक अरु सबै भ्रम हो भन्ने कुरामा जोड दिइएको छ । तेस्रो बुँदामा नयाँ जनवादी क्रान्तिका लागि सामन्तवाद र साम्राज्यवादका विरुद्ध उठेको हतियार वैज्ञानिक समाजवाद हुँदै साम्यवादमा पुग्नु भन्दा पहिल्यै विसाउनु सर्वहारा वर्ग र आम जनताप्रति अपराध हुने कुरा गरिएको छ । चौथो बुँदामा पार्टीको समग्र योजना सर्वहारा अन्तर्राष्ट्रियतावादको सिद्धान्तमा आधारित हुने र नयाँ अन्तर्राष्ट्रिय निर्माणको दिशामा अघि बढ्ने कुरा गरिएको छ । पाचौं बुँदामा अन्तर-पार्टी सङ्घर्षलाई द्वन्द्वात्मक भौतिकवादी मान्यताका आधारमा सञ्चालन गर्ने र जनदिशा अवलम्बन गर्ने कुरामा जोड दिइएको छ । छैटौं बुँदामा पार्टी सर्वहारा वर्गको स्वतन्त्र निर्णयको आधारमा चल्ने र कहिल्यै देशी एवम् विदेशी प्रतिक्रियावादी गुटको दवाव, धम्की र प्रलोभनमा नपर्ने कुरा गरिएको छ । र अन्तिम बुँदामा जनयुद्ध जीत र हार, उपलब्धि र क्षतिका चक्रहरू पार गर्दै विजयी बन्ने कुरा गरिएको छ । यो प्रतिवद्धता वस्तुतः मार्क्सवाद-लेनिनवाद-माओवाद, विश्व सर्वहारा वर्ग तथा आम उत्पीडित जनसमुदाय र विश्व सर्वहारा क्रान्ति प्रतिको अगाध विश्वास, त्यसलाई प्राप्त गर्ने दृढ सङ्कल्प र पार्टीको वलिदानी भावलाई व्यक्त गर्ने ऐतिहासिक दस्तावेज थियो ।

उपरोक्त प्रतिवद्धता सहित पार्टीले निर्धारण गरेका निशानाहरूमाथि गरिएको भौतिक आक्रमण र देशैभरी पर्चा, पम्प्लेट, भित्तेलेखन लगायत विविध प्रकारका प्रचार मार्फत् थालनी गरिएको नेपाली जनयुद्ध आफैमा विद्रोहात्मक प्रकारको रहन गयो । जनयुद्धको थालनीले सिङ्गो देशलाई मात्र झकझक्याएन यसले विश्वको समेत ध्यानाकर्षण गऱ्यो । वाङ्लादेशका एकजना कमरेडले ०५२ फागुन १ गते जन्मिएकी आफ्नी छोरीको नाम सुचना राखे । बङ्गाली भाषामा सुचनाको अर्थ सुरुआत अर्थात् थालनी भन्ने हुन्छ । क्रान्तिकारी अन्तर्राष्ट्रियतावादी आन्दोलन रिमले नेपाली सर्वहारा वर्ग र उत्पीडित जनताले आफ्नो भाग्यको फैसला आफै गर्न थालनी गरेको जनयुद्धलाई लालसलाम गर्दै बधाई तथा शुभकामना सन्देश पठायो । विश्वभरीका क्रान्तिकारीहरूको तर्फबाट समर्थन र शुभकामना ओइरिन थाले । साम्राज्यवादी तथा विस्तारवादी शासकहरूले कान ठाडा पारे । सङ्क्षिप्तमा भन्नु पर्दा, विश्व कम्युनिस्ट आन्दोलन निकै कमजोर रहेको त्यो अवस्थामा नेपाली जनयुद्धको थालनी वस्तुतः विश्व सर्वहारा क्रान्तिकै उद्घोष जस्तो बन्न गएको थियो । यसमा क्रान्तिकारीहरूले गर्व गनु पर्दछ ।

नेपाली जनयुद्ध जनताको अभूतपूर्व समर्थन, त्याग र वलिदानका कीर्तिमानहरू खडागर्दै अगाडि बढ्यो । थुपै नेपाली छोरा-छोरीहरू सहिद भए । मात्र ७/८ वर्षको छोटो अवधिमै ६ डिभिजन जनमुक्ति सेनाको गठन र तिनै जनमुक्ति सेना सहित लाखौंको सङ्ख्यामा सङ्गठित भएका जनमिलिसियाको संरक्षणमा देशैभरी अस्थायी जनसत्ताहरूको स्थापना भयो । जनताले आफ्नै सत्ताको प्रत्यक्ष अनुभुति गरे । यो जनयुद्धको सामान्य उपलब्धि थिएन । घरेलु प्रतिक्रियावादी सत्ताको उपस्थिति सदरमुकाममा मात्र सीमित हुन पुगेको थियो । देशको ८० प्रतिशत ग्रामीण भूभागमा माओवादीको नियन्त्रण रहेको छ भन्ने कुरा साम्राज्यवादीहरूले नै स्वीकार गरेका थिए ।

रिमको वैचारिक मूखपत्रका रूपमा स्थापित अङ्ग्रेजी जर्नल "अ वोर्ल्ड टु विन"को २९औं अङ्कको "नेपाली क्रान्तिले नयाँ संसारको जन्म दिंदैछ" भन्ने शीर्षकको लेखमा "कुनै समय विदेशी सेनाका लागि भाडाका सिपाही जन्माउने देश भनेर चिनिने नेपाल अहिले अन्तर्राष्ट्रिय सर्वहारा वर्गका लाल सेनाहरूलाई जन्मदिने भूमिमा बदलिएको छ" भन्ने सन्देश प्रशारण गऱ्यो । यो नेपाली सर्वहारा वर्ग र आम उत्पीडित जनताका लागि गौरवको विषय हो । यसरी नेपाल कम्युनिस्ट पार्टी (माओवादी) र त्यसको नेतृत्वमा सञ्चालित महान जनयुद्ध विश्व सर्वहारा वर्ग तथा आम उत्पीडित जनताका लागि आशा एवम् भरोशाको केन्द्र र सबैखाले संशोधनवादीहरू सहित साम्राज्यवादी, विस्तारवादी र प्रतिक्रियावादी शासकहरूका लागि मृत्युको घण्टी बनेर अगाडि बढिरहेका थिए । यो स्थितिले नेपाली महान जनयुद्ध सफलताका प्रचूर संभावनाहरू बोकेर गंभीर चुनौतिहरूको सामना गर्दै अगाडि बढिरहेको थियो । साच्चिकै नेपाल नयाँ जनवादी क्रान्तिको थलो र सर्वहारा क्रान्तिको सन्देश बाहक भूमि बनेको थियो ।

***विचलन, गद्दारी र प्रतिक्रान्ति***

क्रान्तिको विजयको संभावना बढ्दै र क्रान्तिका चुनौतिहरू थपिंदै जाँदा सामान्यत सिङ्गो पार्टी र विशेषतः पार्टीको मूल नेतृत्व प्रचण्डमा थप दवाव पर्नु अस्वाभाविक थिएन । उनको सारसंग्रहवादी चिन्तन, अस्थीर स्वभाव र शिघ्र विजयको मानसिकताका कारण उनले त्यो चुनौतिलाई थेग्न सकेनन् र उनीमा वैचारिक विचलन पैदा भयो । प्रचण्डको कमजोरी बुझेका पार्टी भित्रका दक्षिणपंथीहरू र भारतीय शासकवर्गले उनलाई क्रान्तिकारीहरूसंगको सहकार्यबाट अलग्याउने र दक्षिणपन्थीको प्रभावमा पारी उनलाई घेराहाल्ने योजना बनाए । दिल्लीमा बस्ने प्रचण्डलाई नदेख्ने तर सिलीगुडीमा बस्ने क. किरणलाई अस्पतालबाट गिरफ्तार गर्ने र फर्जी पासपोर्टको सामान्य मुद्दामा क. गौरवलाई वर्षौंसम्म थुनामा राख्ने काम भारतीय शासकहरूले किन गरे यसका पछाडिको रहस्य प्राय सबै सचेत नेपालीले बुझेका छन् । यसमा स्वयम् प्रचण्डको भूमिका छ कि छैन र भने कति छ भन्ने कुरा भने अध्ययनको विषय हो । परिस्थितिको दवावमा नेपाली र विश्व सर्वहारा वर्ग तथा आम उत्पीडित जनसमुदायमा भरगरेर नेपालमा नयाँ जनवादी क्रान्तिलाई अगाडि बढाउन नसकिने निष्कर्षमा पुगेपछि उनले सामन्तवाद तथा साम्राज्यवाद दुवैको अन्त गर्नका लागि लड्ने तिर होइन साम्राज्यवाद र मूख्यतः भारतीय विस्तारवादको ढाडमा टेकेर लोकतान्त्रिक गणतन्त्रको स्थापनाका निम्ति राजतन्त्रको टाउकोमा हान्ने निर्णयमा पुगे । यो उनको वैचारिक विचलनको स्वाभाविक र अनिवार्य परिणाम थियो ।

यसपछि पार्टीबाट जनता तथा राष्ट्रप्रति विश्वासघात र प्रतिक्रान्तिका जे जति निर्णयहरू उनको नेतृत्वमा भए ती सबै यही वैचारिक विचलनका कारण पैदा भएका परिणाम मात्र हुन् । यद्यपि प्रतिक्रान्तिको जरो ०६० सालमा पारित २१औ शताव्दीको जनवादसम्म पुगेको देखिन्छ, तर औपचारिक रूपमा यसबारे निर्णय लिने सबैभन्दा पहिलो थलो भने कन्द्रीय समितिको चुनवाङ्ग बैठक नै हो । यस बैठकमा विश्व परिस्थिति बदलिएको छ भन्ने नाममा साम्राज्यवाद लेनिन र माओको जमानाको जस्तो नरहेको गलत विश्लेषण, भारत समेत सबै उत्पीडित मुलुकलाई एकल ध्रुवीय अमेरिकी साम्राज्यवादले एउटै हाँडीमा राखेर भुटेको मनोगत व्याख्या गरी भारतीय विस्तारवाद अब हाम्रो प्रधान दुश्मन रहेन भन्ने आशयको विश्लेषण, कार्यनीतिका नाममा लोकतान्त्रिक गणतन्त्रलाई घुमाउरो तरिकाले राजनीतिक रणनीति बनाउने काम, लोकतान्त्रिक गणतन्त्रका लागि प्रत्याक्रमणको सैन्य योजनाको विकासगर्ने लगायतका जुन निर्णयहरू लिइए ती सबै यही वैचारिक विचलनको परिणाम थियो । वस्तुतः चुनवाङ्ग वैठकका यी निर्णयहरू नै नेपाली नयाँ जनवादी क्रान्तिप्रतिको गद्दारी र प्रतिक्रान्तिका लागि वैचारिक तथा राजनीतिक आधारहरू हुन् ।

चुनवाङ्ग बैठकले ग्रहण गरेको लोकतान्त्रिक गणतन्त्रको कार्यदिशा अनुरूप भारतीय शाषक वर्गको प्रत्यक्ष संलग्नतामा गरिएको १२ बुँदे सम्झौता, जनयुद्ध अन्तको घोषणा, जनसत्ताहरूको विघटन, ठूलो सङ्ख्यामा रहेको जनमुक्ति सेनाका कमरेडहरूलाई अयोग्यको विल्ला, समायोजनको नाममा जनमुक्ति सेनाको प्रतिक्रियावादी सेनामा विलय, प्रतिक्रियावादी पार्टीहरूलाई एकलौटी रूपमा संविधान पारित गर्न नदिने पहिलो संविधान सभाको विघटन, दोस्रो संविधान सभाबाट प्रतिक्रियावादी संविधानको घोषणा जस्ता परिघटनाहरू प्रतिक्रान्तिको प्रक्रियालाई पूर्णता दिने एकपछिका अर्का कदमहरू थिए । आज यहाँसम्म आइपुग्दा जनयुद्धको थालनीको बेला आफैले प्रतिक्रियावादी करार गरेको पार्टी नेकपा (एमाले)मा आफैले नेतृत्व गरेको नेकपा (माओवादी केन्द्र)लाई विलय गराएर प्रचण्डले प्रतिक्रान्तिका सबै अध्यायहरू पुरा गरेका छन् । साम्राज्यवादी, विस्तारवादी र विश्वभरिका प्रतिक्रियावादी शासकहरूसंग उनको अन्तर्राष्ट्रिय भाइचारा सम्बन्ध स्थापित भइसकेको छ । अब उनको मुखबाट जनयुद्ध गर्नु गल्ति थियो भनेको सुन्नमात्र बाँकी छ । त्यसका लागि पनि धेरै दिन पर्खिनु पर्छ जस्तो लाग्दैन ।

***क्रान्तिकारीहरूको कमजोरी र शिक्षा***

विजयको सन्निकट पुगेको नेपाली नयाँ जनवादी क्रान्ति प्रतिक्रान्तिमा बदलिएको छ । यसका लागि पार्टीको मूल नेतृत्व मूख्य जिम्मेवार हो । यसमा कुनै प्रश्न छैन । तर यहाँ क्रान्तिकारीका पनि गंभीर कमजोरीहरू रहेका छन् र सोपानक्रम अनुसार सबैले त्यसको जिम्मा लिनुपर्दछ । एकीकृत नेकपा (माओवादी) बाट विद्रोह गरी ०६९मा आयोजित राष्ट्रिय भेलाले यसको प्रारम्भिक समीक्षा गरेको थियो । त्यसमा पार्टीको नीति र कार्यदिशा निर्माणगर्ने देखि नेतृत्वको केन्द्रिकरण र प्रचण्डपथ नामाङ्कन गर्ने सन्दर्भमा थुप्रै कमजोरी भएको र ती कमजोरी हुनुका पछाडि अभिधूतवाद, श्रद्धावाद र उदारवादले काम गरेको कुरा स्वीकार गरिएको छ । यो राम्रो कुरा हो, तर यतिमात्र पर्याप्त छैन । वैचारिक समस्या एक पटक समीक्षा गर्दैमा सधैका लागि हल हुने विषय होइन । हामी सबैले बारम्बार आफ्नो आत्मसमीक्षा गरी आफैलाई रूपान्तरण गर्न आत्मसङ्घर्ष गरिराख्नु पर्दछ । वैचारिक सङ्घर्ष मार्फत रूपान्तरण नहुँदै निर्णयलाई एकमत बनाउने हतारो कहिल्यै गर्नु हुदैन । पार्टीभित्र खुला र स्पष्ट रूपमा छलफल गर्ने वातावरण निर्माण गरी आलोचना र आत्मालोचनालाई अनिवार्य गर्नु पर्दछ । कम्युनिस्ट पार्टीभित्रको अन्तरविरोध हल गर्ने विधि यही हो । यो बाहेक अर्को विधि अहिले सम्म विकास भएको छैन ।

पार्टी भनेको विपरीतहरूको एकत्व हो । एकता-सङ्घर्ष-रूपान्तरण र नयाँ आधारमा नयाँ एकता क्रान्तिकारी पार्टी निर्माण सम्बन्धी मालेमावादी पद्धति हो । प्रचण्डले प्राय सबै बैठकमा जोड र कोणको फरक हो भनेर भिन्न विचारलाई सामान्यीकरण गर्ने र एकमतले निर्णय लिइयो भन्ने बनाउन छलफल र बहस पछि रूपान्तरण तिर होइन संझौताका लागि बढी जोड लगाउने गर्दथे । यो प्रचण्डमा विद्यमान सारसंग्रहवादको परिणाम थियो । उनी द्वन्द्ववादको कुरा गरेर कहिल्यै थाक्दैनथे तर आफैले अधिभूतवादको अभ्यास गर्दथे । हामी क्रान्तिकारीले पार्टीको दुईलाइन सङ्घर्ष र जनवादी केन्द्रीयतालाई द्वन्द्ववादी ढङ्गले प्रयोग गरेर सधैं एकमतको खोजी गर्ने अधिभूतवादी गल्तीबाट बच्न सतर्क रहनु पर्दछ ।

***निष्कर्ष***

क्रान्ति र प्रतिक्रान्ति विपरीतहरूको एकत्व हो । प्रतिक्रान्ति हुने भएर नै क्रान्ति आवश्यक भएको हो । प्रतिक्रान्तिलाई परास्त नगरी क्रान्ति सम्पन्न हुनै सक्दैन । क्रान्तिको बाटो सिधा हुँदैन, सर्वहारा वर्ग क्रान्ति र प्रतिक्रान्तिका थुप्रै शृङ्खलाहरू पार गरेर मात्र वैज्ञानिक समाजवाद हुँदै अन्तिम गन्तव्य साम्यवादसम्म पुग्न सक्दछ । सर्वहारा वर्गको नेतृत्वमा पुँजीवादी जनवादी क्रान्ति सम्पन्न भएर वैज्ञानिक समाजवादको लामो अभ्यास गरेका देश रुस र चीनमा पनि क्रान्ति प्रतिक्रान्तिमा बदलियो । यो पनि विज्ञानको नियम भन्दा बाहिर पर्दैन ।

प्रचण्डको नेतृत्वमा अगाडि बढेको क्रान्ति उनकै नेतृत्वमा प्रतिक्रान्तिमा बदलियो । तर, एक पटक प्रतिक्रान्ति हुँदैमा क्रान्तिको प्रक्रिया सधैका लागि रोकिंदैन । सामाजिक अन्तर्विरोध समाधान गर्नकै लागि क्रान्तिको आवश्यकता भएको हो । समाजमा वर्ग सङ्घर्ष रहुञ्जेल क्रान्ति अपरिहार्य हुन्छ । हामी क्रान्तिकारीहरूले दश वर्षको महान नेपाली जनयुद्ध र विश्व सर्वहारा क्रान्तिका सकारात्मक तथा नकारात्मक अनुभवहरूबाट शिक्षा लिएर अगाडि बढ्नु पर्दछ । हामीले प्रतिक्रान्ति भयो भनेर चिन्ता गर्ने होइन, क्रान्ति किन भएन भनेर चिन्ता गर्ने हो । यसरी मात्र हामी सच्चा कम्युनिस्ट बन्न सक्दछौं र नेपालमा क्रान्तिको मार्ग प्रसस्त हुन्छ ।

*फागुन ४, २०७६*

# कामु प्रधानन्यायाधीशमा वरिष्ठतम् न्यायाधीश कार्की

काठमाडौं ।प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबराविरुद्ध संघीय संसद् सचिवालयमा महाभियोगको प्रस्ताव दर्ता भएपछि सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश दीपककुमार कार्की कामु प्रधानन्यायाधीश भएका छन् । सत्तारूढ दलका सांसदहरूले उक्त प्रस्ताव आज बिहान सिंहदरबारस्थित सचिवालयमा दर्ता गराएपछि उहाँ स्वतः कायममुकायम प्रधानन्यायाधीश भएका हुन् ।

महाभियोग प्रस्तावको प्रस्तावकमा नेकपा (माओवादी केन्द्र)का देवप्रसाद गुरुङ, नेपाली कांग्रेसका डा पुष्पा भुसाल र नेकपा (एकीकृत समाजवादी) का जीवनराम श्रेष्ठ, समर्थकमा नेपाली कांग्रेसका डा मीनेन्द्र रिजालसहित



९८ सांसद रहेका छन् ।

नेपालको संविधानको धारा, १०१ को उपधारा ९२० बमोजिम महाभियोगबाट पदमुक्त हुने व्यक्तिले संविधानको गम्भीर उल्लंघन गरेको वा कार्यक्षमताको अभाव वा खराब आचरण वा पदीय दायित्वको पालन इमानदारीपूर्वक नगरेको वा आचारसंहिताको गम्भीर उल्लंघन गरेको भन्ने आधारमा प्राप्त सूचना, जानकारी वा उजुरी ग्राह्य रहेको भनी प्रतिनिधिसभाका कम्तीमा तीनजना सदस्यले प्रमाणित गरी पेस गरेमा धारा, १०१ को उपधारा, ९३० बमोजिमको समितिले त्यस्तो उजुरीमाथि संघीय कानुनबमोजिम छानबिन गरी महाभियोगसम्बन्धी कारबाहीका लागि प्रतिनिधिसभासमक्ष सिफारिस गरेमा महाभियोगको प्रस्ताव पेस हुन सक्नेछ ।

# आगलागी घटनाप्रति देजमो दाङको वक्तव्य

दाङ । माघ २८ गते बिहानै पैने दुई बजेतिर तुलसीपुर उपमहानगरपालिका वडा नम्बर ५ ङ लाईनमा रहेको ईरम फुटवेयर (जुत्ता चप्पल)को होलसेल पसलमा आगो दन्किएर भएको दुःखद घटनाप्रति देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल दाङले एक वक्तव्य प्रकाशित गरी दुःख व्यक्त गरेको छ ।

मोर्चाका जिल्ला अध्यक्ष ईश्वरीप्रसाद गैरेद्वारी जारी वक्तव्यमा भनिएको छ 'तुलसीपुर बजारमा भएको दुःखद घटनाले मोर्चा स्तब्ध भएको छ। यस दुःखद समयमा आगलागीबाट भएको भौतिक तथा मानवीय क्षतिले हाम्रो देशभक्त जनगणतान्त्रिक मोर्चा दाङ जिल्ला समिति चिन्तित तथा दुःखी भएको छ। यस अवसरमा मृतकप्रति भावपूणर् श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछु।' उक्त घटनामा पसल सञ्चालक ४२ वर्षीय नजरद्दिन अलि, उनका नावालक छोरा ५ वर्षीय नबिनद्दिन अलि, छोरी १२ वर्षीय साजिता खातुन तथा सोही घरमा बस्ने अर्को परिवारका १६ वर्षीय मनिस बकस, १४ वर्षीय हसन बकसको धुवाँको मुस्लोबाट निसास्सिएर दुःखद निधन भएको छ ।

यस प्रकारका दुःखद घटनाप्रति सजक रहन र समयमै उद्दार कार्यमा लाग्न सम्बन्धित निकायप्रति ध्यानाकर्षण गराउँदै वक्तव्यमा अगाडि भनिएको छ 'यस घटनाबाट उपमहानगरपालिकाको दमकल सँधै तयारीका साथ बस्नुपर्ने आवश्यकता देखिन्छ। तत्काल उद्दार गर्न अत्यावश्यक सेवाका साधनहरू तयारी अबस्थामा राख्न जोडदार माग गर्दै भविश्यमा यस्ता दुःखद घटना नदोहोरिउन भन्दै त्यसतर्फ सजक रहन आग्रह गर्दै पीडित पक्षलाई तत्काल क्षतिपूर्ति तथा राहत उपलब्ध गराउन सम्बन्धित पक्षलाई जोडदार मागगर्दै ध्यानाकर्षण गर्दछु।'

मध्यरातमा कालो धुवाँको मुस्लो देखेपछि तुलसीपुर बजारमा खलबली भएको थियो। मानवीय क्षति हुन नदिन प्रहरीले अनेकौं प्रयत्न गर्दागर्दै पनि आवस्यक स्रोत साधनको अभावले धेरै ढिला भइसकेको थियो। घटनाको जानकारी हुनासाथ नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना तथा स्थानीय नागरिकहरूको सकृयतामा तुलसीपुर उपमहानगरपालिकाको दमकल घोराही उपमहानगरपालिकाको दमकल तथा स्थानीय टेक्टरबाट पानी ढुवानी गरि आगो नियन्त्रणमा लिन अनेकौं प्रयत्न हुदाहुदै पनि ठुलो मानबिय क्षति हुन पुगेको छ। झण्डै ५ घण्टाको अथक प्रयास पछि आगो नियन्त्रणमा आएको थियो।

उक्त घटनामा निधन भएकाहरूको तत्काल किरिया खर्च स्वरूप तुलसीपुर उपमहानगरपालिकाले जनही एक लाख राहत पीडित परिवारलाई दिने घोषणा गरेको छ। घटनामा सात करोड बराबरको क्षति भएको पीडित परिवारले इलाका प्रहरी कार्यालय तुलसीपुरमा जानकारी गराएका छन् ।

# संयुक्त राष्ट्रिय सुकुम्बासी मोर्चाको आन्दोलनप्रति क्रान्तिकारी माओवादीको ऐक्यबद्धता

काठमाडौं । संयुक्त राष्ट्रिय सुकुम्बासी मोर्चाको ध्यानाकर्षण पत्र बुझ्दै नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य किरणले संयुक्त राष्ट्रिय सुकुम्बासी मोर्चाको जारी आन्दोलनप्रति ऐक्यबद्धता जनाउनु भएको छ । र, माग पूरा नहुँदासम्म आन्दोलनलाई अविचलित रूपमा अगाडि बढाउन समेत उहाँले सुझाब दिनुभयो । पार्टी कार्यालय कुपण्डोलमा बिहीबार ध्यानकर्षण पत्र बुझ्दै सुकुम्बासीको समस्या वर्गीय समस्या भएकोले वर्गीय मुक्ति नुहँदासम्म वास्तविक रूपमा सुकुम्बासीहरूको समस्या समाधान नहुने पनि महासचिव किरणले बताउनु भयो ।

अहिले संसदवादी पार्टीका नेताहरूले सुकुम्बासीहरूलाई भोट बैंकको रूपमा प्रयोग गर्न अनेकौं प्रलोभन र आश्वासन दिने गरेको बताउनु हुँदै संसदीय व्यवस्थामा सुकुम्बासी समस्या वास्तविक रूपमा समाधान हुन नसक्ने समेत बताउनु भयो । संयुक्त राष्ट्रिय सुकुम्बासी मोर्चाका अध्यक्ष कुमार कार्कीको नेतृत्वमा गएको सुकुम्बासीहरूको



टोलीले जारी आन्दोलनबारे ध्यानाकर्षण पत्र बुझाएको थियो । ध्यानाकर्षण पत्रमा तत्काल पूरा गर्नुपर्ने चार बुँदे मागहरू अगाडि सारिएका छन् । जसमा सुकुम्बासी विस्थापन गर्ने गरी प्रकाशित सुचना तत्काल खारेज गरियोस्, जोखिमुक्त समुदायलाई सोही स्थानमा र जोखिमयुक्त समुदायलाई सम्बन्धित परिवारको सहमतिमा सहज जीवनयापन हुने गरी भूस्वामित्व (लालपुर्जा)सहितको वैकल्पिक व्यवस्थापन गरियोस्, स्थायी विकल्पविनाको उठिबसा सदाको लागि बन्द गरियोस् र बसोबासको आधारमा फास्ट्र्याकबाट लालपुर्जा वितरण गर्नका लागि पहल गरियोस् आदि रहेका छन् ।

मोर्चाको प्रस्तुत मागप्रति ऐक्यबद्धता जनाउँदै महासचिव किरणले पार्टीले मोर्चाको आन्दोलनप्रति समर्थन र सहयोग गर्ने प्रतिबद्धता समेत जनाउनु भएको थियो । ध्यानाकर्षण बुझाउने कार्यक्रममा मोर्चाका उपाध्यक्ष पवन गुरुङ, महासचिव अर्जुन कुँवर लगायत मोर्चाका नेताहरूको उपस्थिति रहेको थियो ।

# नेपाली स्वाधीनतामाथि अमेरिकाको ठाडो हस्तक्षेप, एमसीसी 'अनुमोदन नभए राम्रो नहुने' चेतावनी

काठमाडौं । आफ्नो साम्राज्यवादी मिसनमा आधारित एमसीसी सम्झौता अनुमोदन गर्न धम्की दिएर अमेरिकाले नेपालको स्वाधीनतामाथि ठाडो हस्तक्षेप गरेको छ । अमेरिकाले एमसीसी सम्झौता फागुन १६ भित्र अनुमोदन गर्न अल्टिमेटमसहितको चेतावनी दिएको छ । एमसीसी पास नगरे नेपाल नीति पुनर्विचार गर्ने समेत उसले धम्की दिएको छ । अमेरिकाको दक्षिण तथा मध्य एसियाली मामिलासम्बन्धी सहायक विदेशमन्त्री डोनाल्ड लुले बिहीबार बिहान नेपालका प्रमुख तीन दलका तीन नेतालाई फोन गरेर सम्झौता अनुमोदन गर्न चेतावनी दिएका हुन् ।

सहायकमन्त्री लुले प्रधानमन्त्री शेरबहादुर देउवा, प्रमुख प्रतिपक्षी दलका नेता केपी शर्मा ओली र माओवादी अध्यक्ष पुष्पकमल दाहाललाई पालैपालो फोन गरेका थिए । उनले प्रधानमन्त्री देउवालाई एमसीसी सम्झौतामा भइरहेको प्रगतिबारे जिज्ञासा राखेका थिए । 'सरकार प्रतिबद्ध छ, हाम्रो पार्टीमा अनुमोदन गर्नेबारे समस्या छैन,' देउवाको भनाइ उद्धृत गर्दै बालुवाटारका एक अधिकारीले भनेका छन्, 'सत्ता गठबन्धन दलहरूबीच पनि सहमतिको प्रयास भइरहेको छ, यसबारे हामी छिट्टै सकारात्मक निष्कर्षमा पुग्दै छौं ।'

प्रमुख प्रतिपक्षी नेता तथा एमाले अध्यक्ष ओलीलाई फोन गर्दै लुले 'अनुमोदन नभए राम्रो नहुने' चेतावनी दिएको एमाले विदेश विभाग प्रमुख राजन भट्टराईले बताएका छन् । 'एमसीसी पारित गर्नुपर्छ, तपाईंहरूले सहयोग गर्नुहोस् । पारित नगरे राम्रो हुन्न । किनकि हामीले तपाईंहरूसँगको सहमतिमा अगाडि बढाएको परियोजना हो । यस विषयमा यताउति नभई तपाईंहरूको सहयोग चाहियो भन्ने उहाँको भनाइ थियो,' भट्टराईले भनेका छन् ।

लुले माओवादी अध्यक्ष दाहाललाई पनि फोन गरेर सम्झौताका विषयमा 'हुन्छ वा हुन्न' भनेर स्पष्ट धारणा बनाउन आग्रह गरेका छन् । माओवादी केन्द्रका एक नेताका अनुसार एमसीसीका बारेमा हुने नकारात्मक निर्णयमा चिनियाँ प्रभाव छ भन्ने आफूहरूले बुझ्ने पनि लुले प्रस्ट पारेका थिए । ती नेताका अनुसार लुको भनाइ थियो, 'पहिलो, तपाईंहरूले एस वा नोमा छिट्टै निर्णय गर्नुस् । दोस्रो, हामी संशोधन गर्दैनौं । तेस्रो, समय थप गर्दैनौं । चौथो, यसलाई लिनुभएन भने त्यो तपाईंहरूको कुरा हो, तर हामी यसलाई गम्भीरतापूर्वक लिन्छौं । पाँचौं, यो चीनको कारणले यस्तो भयो भन्ने ठान्छौं ।'



प्रधानमन्त्री निवास बालुवाटार स्रोतका अनुसार काठमाडौंस्थित अमेरिकी दूतावासले फोन संवादको संयोजन गरेको थियो । अनुमोदनमा ढिलाइ भएको भन्दै लुले गत मंसिर १-३ मा नेपाल भ्रमण गरेर नेता तथा अधिकारीहरूसँग संवाद गरेका थिए । त्यसअघि भदौ २४-२८ मा एमसीसी उपाध्यक्ष फातिमा सुमार काठमाडौंमा थिइन् । प्रधानमन्त्री देउवा जतिसक्दो चाँडो एमसीसी सम्झौता अनुमोदन गर्नुपर्ने पक्षमा छन् । देउवा र दाहालले असोज दोस्रो साता एमसीसी मुख्यालयलाई पत्र लेखी सम्झौता अनुमोदन गर्ने प्रतिबद्धता गर्दै चार-पाँच महिना मागेका थिए । विपक्षी एमाले अध्यक्ष ओलीले सत्ता गठबन्धनको धारणा आएपछि उपयुक्त निर्णय लिने बताउँदै आएका छन् ।

एउटा स्वाधीन मुलुकका सरकार प्रमुख देखि दलका नेताहरूलाई यसरी अमेरिकाले ठाडो धम्की दिंदा समेत सरकार तथा पार्टीहरूले वक्तव्य निकालेर त्यसको विरोध गर्ने सामर्थ्य समेत देखाउन सकेका छैनन् ।

***एमसीसी पास गर्ने यस्तो छ भित्र बाहिरको चलखेल***

यसैगरी अमेरिकाको साम्राज्यवादी मिसनमा आधारित मिलेनियम च्यालेञ्ज कर्पोरेसन (एमसीसी) सम्झौतालाई संसदबाट अनुमोदन गराउने विषयमा तीव्र चलखेल चलिरहेको छ । एमसीसी खारेजीका लागि चौतर्फी रूपमा आवाज र दबाब बढिरहँदा देउवा नेतृत्वको सरकारले भने जसरी एमसीसी पास गर्नका लागि मरिहत्ते गरेर लागि परेको छ । कांग्रसको आज बसेको कार्यसम्पादन समितिको बैठकले पनि एमसीसी तत्काल पास गर्ने निर्णय गरेको छ भने एमालले पनि पार्टीभित्र गृहकार्य नपुगेको भन्दै २ फागुनको संसदको बैठक सार्न अग्रह गरेको छ । अमेरिकी राजदूत र्याण्ड बेरी लगायत युरोपियन मुलुकका राजदूतहरूको सक्रियता पनि ह्वात्तै बढेको छ ।

सत्ता गठबन्धनभित्रै एमसीसी अनुमोदन गर्ने विषयमा दलहरूबीच एकमत हुन नसकेको पृष्ठभूमिमा अमेरिका र अमेरिका समर्थक विभिन्न देशले आफ्ना राजदूतमार्फत कूटनीतिक दबाब बढाउन थालेका छन् । काठमाडौँस्थित अमेरिकासहित इजरायल, स्विट्जरल्याण्डलगायतका देशका राजदूतहरूले सत्ता र प्रतिपक्ष दलका नेताहरूको घरमै पुगेर भेटघाट गरिरहेका छन् ।

एमाले अध्यक्ष केपी ओली, माओवादी अध्यक्ष प्रचण्ड, एकीकृत समाजवादीका अध्यक्ष माधव नेपाल, एमसिसी सम्झौतालाई अघि बढाउने तत्कालीन परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीसहितलाई राजदूतहरूले प्राथमिकताका साथ भेटिरहेका छन् ।

अस्ति बिहानै खुमलटारमा प्रचण्ड र अर्थमन्त्री जनार्दन शर्मासँग स्विट्जरल्याण्डकी राजदूतले भेटेर एमसीसीबारे माओवादीको धारणा बुझ्न खोजेकी थिइन् । राजदूत एलिजाबेथ भोन क्याप्लरले बिहान ८ बजेबाट झण्डै आधा घण्टा भेट गरेको बताइएको थियो । भेटको विस्तृत विवरण नखुलाइए पनि संसदमा प्रस्तुत हुन लागेको एमसीसी सम्झौताबारे मुख सुँघ्ने काम भएको माओवादी स्रोतले नै जनाएको छ ।

यता,सोही दिन अमेरिकी राजदूत र्याण्डी बेरीले बालकोट पुगेर एमाले अध्यक्ष ओलीसँग लामो भलाकुसारी गरेका थिए । राजदूतसँगको भेटमा ओलीसँगै प्रदीप ज्ञवाली पनि थिए । भेटघाटको मुख्य विषय एमसीसी सम्झौताको अनुमोदन नै थियो । लगत्तै ओलीलाई भेट्न पाँचदलीय गठबन्धन तोड्नुपर्ने धारणा राखिरहेका कांग्रेस नेता शेखर कोइराला ओलीनिवास छिरेका थिए । दुई नेताबीच झन्डै चार घण्टा छलफल भएको थियो ।

'सत्ता गठबन्धनका वाम दलहरू 'सर्प नमर्ने र लट्ठी पनि नभाँचिने' गरी एमसीसी टेबल हुने दिनको 'संसद बैठक बहिष्कार' गर्ने तयारीमा रहेको जानकार स्रोतहरूले बताउन थालेका छन् ।'

अस्तिजस्तै हिजो पनि नेताहरूका दौडादौड र भेटघाटको सिलसिला जारी रह्यो । सत्ता साझेदार प्रमुख दुई दल माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड र एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालबीच बिहानै खुमलटारमा भेटघाट भएको थियो ।

एमसीसीबारे नै छलफल गर्न हिजो दिउँसो बालुवाटारमा कांग्रेसको पदाधिकारी बैठक बस्यो । त्यसपछि प्रचण्डले १५ मीनेट प्रधानमन्त्री देउवालाई भेटघाट गरेर निस्केपछि शेखर छिरेका थिए । त्यसअघि हिजो दिउँसो कांग्रेस नेता कृष्ण सिटौलाले प्रचण्डलाई भेटेका थिए ।

हिजै इजरायलका राजदूतले एकीकृत समाजवादीका अध्यक्ष नेपाललाई भेटे । उनले अस्ति संसद्को अन्तराष्ट्रिय सम्बन्ध समितिका सभापति पवित्रा निरौला खरेलसंग पनि कुराकानी गरेका थिए ।

थेग्नै नसक्ने कूटनीतिक दबाब झेलिरहेका नेताहरूको दौडादौड आज पनि बिहानैदेखि शुरु भएको छ । आज बिहानै ९ बजे अमरेशकुमार सिंहलाई लिएर शेखर प्रचण्डलाई भेट्न खुमलटार पुगेका थिए ।

भेटमा शेखरले एमसीसी संसदमा टेबल गर्न प्रचण्डसँग आग्रह गरेको बताइएको छ । शेखरसंगको भेटपछि प्रचण्ड बालुवाटार पुगे । त्यहाँ प्रधानमन्त्री देउवा,प्रचण्ड र नेपालबीच एमसीसी, गठबन्धन र स्थानीय तहको चुनावबारे छलफल भएको बुझिएको छ । तर, आजको छलफलमा पनि नेताहरूबीच कुरा मिल्न सकेको छैन । सधैंजस्तै प्रधानमन्त्री र प्रचण्ड-माधवले आ-आफ्नै धारणा सुनाएको र थप छलफलको आवश्यकतामाथि जोड दिएको बताइएको छ । बालुवाटार स्रोतका अनुसार प्रधानमन्त्री देउवाले प्रचण्ड र नेपाललाई एमसीसी सम्झौता अनुमोदनका लागि सहयोग गरिदिन आग्रह गरेका थिए ।

प्रचण्ड र नेपालले भने यथास्थितिमा अनुमोदन गर्दा स्थिति बिग्रने भएकाले थप छलफल गर्नुपर्ने बताएका थिए। त्यसका लागि अमेरिकालाई आग्रह गरेर समय थप्न सुझाव थियो।

चौतर्फी दबाब र घेराबन्दी अनि प्रधानमन्त्री देउवा जुनसुकै मूल्यमा एमसीसी संसदमा टेबल गराउने प्रष्ट तयारीका साथ पेश हुन थालेपछि सत्ता गठबन्धनका वाम दलहरू 'सर्प नमर्ने र लट्ठी पनि नभाँचिने' गरी एमसीसी टेबल हुने दिनको 'संसद बैठक बहिष्कार' गर्ने तयारीमा रहेको जानकार स्रोतहरूले बताउन थालेका छन् । त्यसका लागि प्रतिनिधिसभामा उपस्थित सांसद संख्याको बहुमतले एमसीसी अनुमोदन गराउने विकल्पमा छलफल हुन थालेको बताइएको छ ।

त्यसो हुँदा माओवादी केन्द्र र एकीकृत समाजवादीले त्यो दिनको संसद बैठकमा भाग नलिने र एमालेको अवरोधका बीच कांग्रेस सांसदहरूले एमसीसी पारित गराउने तयारी भैरहेको बताइन्छ । दुई ठूला पार्टीले बहिष्कार गरेपछि एमालेको नाराबाजीका बीच काङ्गेसको बहुमतले पास गर्ने रणनीति बनाइएको स्रोतले दाबी गरेको छ । तर, त्यसका लागि सभामुखलाई कसरी मनाउने भन्नेबारे प्रधानमन्त्रीले विभिन्न सूत्रमार्फत पहल गरिरहेको बताइन्छ । प्रचण्डमाथिको चौतर्फी दबाब बढाएर सभामुखलाई एमसीसी संसदमा टेबल गर्न बाध्य पार्ने रणनीतिअन्तर्गत नै अस्तिको पत्र योजनावद्ध सार्वजनिक गरिएको र अहिले कूटनीतिक दबाब बढाइएको समाचार स्रोतको दाबी छ ।

# फागुन एक र २७औँ जनयुद्ध दिवस

## 'नयाँ जनवादी राज्यसत्ता स्थापना गर्न जनयुद्धको बाटोमा अघि बढौँ'



● हिरामणि दुःखी ●

*जनयुद्धलाई हेर्ने दृष्टिकोण सबैका आआफ्नै छन् र हुन सक्छन् । हिजो जनयुद्धलाई आतङ्ककारी देख्दै आतङ्ककारी विधेयक ल्याएर दमन गर्न तथा तिनका नेताहरूका टाउकाको मूल्य तोक्नेहरू नै आज सत्तामा विराजमान छन् । 'माछा मिठा, माछाका काँडा तिता' भन्ने नेपाली उखान यतिखेर सत्ताधारी वर्गका पार्टीहरूले चरितार्थ गरेका छन् । जनयुद्धकै कारण स्थापना भएको गणतन्त्रको स्वाद बालुवाटार, सिंहदरबार, संसदभवन र शितलनिवासमा बसेर मजासित डकारेका छन् तर जनयुद्ध बेठिक थियो, त्यो हिंसाकै बाटो थियो र गलत थियो भनेर बकबास गरिरहेका छन्*





आज भन्दा ठिक २७ वर्ष अगाडि आजकै दिन २०५२ फागुन १ गते उपर्युल्लिखित मुख्य नारा लिएर जनयुद्ध थालनी गरिएको थियो । संसदीय व्यवस्थामा आधारित पुरानो राज्य सत्ताको ध्वंश गरेर नयाँ जनवादी राज्यसत्ता स्थापना गर्न माओवादमा आधारित दीर्घकालीन जनयुद्धको घोषणा गरिएको थियो । नयाँ जनवादी गणतन्त्र स्थापना गर्दै समाजवाद हुँदै विश्व साम्यवादमा पुग्ने लक्ष्य र उद्धेश्य थियो जनयुद्धको । ऐतिहासिक जनयुद्धको पहिलो योजनामा कार्ल मार्क्सको 'विद्यमान राज्यसत्ता परिवर्तन गर्न मात्र नभई मजदूर वर्गले आफ्नै राज्यसत्ता सञ्चालन गर्न पनि गृहयुद्धको आवश्यकता छ' भन्ने भनाई लेनिनको 'गृहयुद्ध विना आजसम्म कुनैपनि महाक्रान्ति सम्पन्न हुन सकेको छैन र त्यो विना पूँजीवादबाट समाजवादमा सङ्क्रमण हुन सक्तैन' भन्ने भनाई र माओको 'राजनीतिक सत्ता बन्दुकको नालबाट जन्मन्छ र बन्दुकले पार्टी होइन कि पार्टीले बन्दुक चलाउँछ' भन्ने भनाई जनयुद्धका मुख्य आदर्श सिद्धान्त थिए । यो पहिलो योजना भूमिका, सैद्धान्तिक प्रतिवद्धता, योजना, लक्ष्य र नारा गरी पाँच शीर्षकमा जनयुद्धको मुख्य प्रस्ताव तथा पहिलो, दोस्रो र तेस्रो उपचरणहरूमा जनयुद्ध सम्पन्न गर्ने लक्ष्य लिएर २०५२ असारमा बसेको पार्टीको केन्द्रीय समितिको पूणर् बैठकले समग्र योजना निर्माण गरेको थियो । जनयुद्धको पहिलो योजनाका सैद्धान्तिक प्रतिवद्धताहरू सात वटा बुँदामा सङ्केन्द्रित थिए । ती बुँदाहरूको तेस्रो नम्बरमा 'जनयुद्धलाई जनताको स्थितिमा आँशिक सुधार गर्न प्रतिक्रियावादी वर्गासँग सामान्य सम्झौतामा टुङ्ग्याइने छैन' भन्ने र छैठौँ बुँदामा 'कहिल्यै र कुनैपनि हालतमा पार्टी देशी, विदेशी प्रतिक्रियावादी गुटहरूको दवाव, धम्की र प्रलोभनमा पर्ने छैन' भन्ने प्रतिवद्धता यतिबेला निकै महत्वका साथ स्मरण गर्नुपर्ने आवश्यकता भएको छ । विडम्बना के भयो भने कथित् ऐतिहासिक भनिएको चुनवाङ बैठकबाट यिनै दुई प्रतिवद्धताको विरुद्धमा पार्टीको मुख्य नेतृत्व गयो र सिघ्र सत्तालिप्साको मोहले समात्यो । जसका कारण 'बृहद् शन्ति सम्झौता'मा जनयुद्धका सम्पूणर् उपलब्धीहरूलाई आफैँले ध्वंश गरेर प्रतिक्रियावादी वर्गको नेतृत्वमा रहने संसदीय व्यवस्थाको टाँग मुनी पार्टीलाई लतार्ने काम मुख्य नेतृत्वबाटै भयो । त्यसको परिणाम आज देश साम्राज्यवादी र विस्तारवादीहरूको अघोषित कब्जामा पर्न गयो ।

तात्कालिन नेकपा माओवादीको नेतृत्वमा नेपाली जनताले पुरानो राज्यसत्ता ढाल्न पहिलो पटक बन्दुक उठाएका थिए । यतिखेर जनयुद्धका २६ वर्ष पूरा भएर २७औँ वर्षमा प्रवेश गरेको छ । आज जनयुद्ध भनेको एकादेशको कथा जस्तो बन्न पुगेको छ । यो बीचमा जनयुद्धको मुख्य नेतृत्व गरेको नेतासहितको एउटा ठूलो हिस्सा संसदीय गणतन्त्रको सत्तामा आफूलाई समाहित गरेको छ । उसले हिजका आफ्नै सहयोद्धा र आफूलाई सुरक्षा प्रदान गरेका नेता कार्यकर्ताहरूलाई आतङ्ककारी भन्दै जेल कोचिरहेको छ र आफैँले प्रतिक्रियावादी घोषणा गरेका शक्तिसित घाँटी जोडेर फासिवादी सत्ताको संरक्षण गरेको छ । अर्को शक्ति न त जनवादी गणतन्त्र न त संसदीय गणतन्त्रलाई स्वीकार गर्दछ तथापि बेतुकको एकीकृत जनक्रान्तिको राग अलापेर प्रकारान्तरले बुर्जुवा सत्तासित साझेदारीको एजेण्डा बोकेर केही भूमिगत बनेकोमा पुनः प्रतिक्रियावादी संसदीय व्यवस्थामा शान्तिपूणर् तरिकाले राजनीतिक सत्ता परिवर्तन गर्ने सम्झौता गनै पुगेको छ । त्यसैगरी एउटा शक्ति पुनः जनयुद्धका बाँकी कार्यभार पूरा गर्न र नयाँ जनवादी गणतन्त्र स्थापना गर्ने लक्ष्यअनुरूप यतिखेर राष्ट्रिय स्वाधीनताको आन्दोलनको देशव्यापि अभियान चलाई रहेको छ ।

जनयुद्धलाई हेर्ने दृष्टिकोण सबैका आआफ्नै छन् र हुन सक्छन् । हिजो जनयुद्धलाई आतङ्ककारी देख्दै आतङ्ककारी विधेयक ल्याएर दमन गर्न तथा तिनका नेताहरूका टाउकाको मूल्य तोक्नेहरू नै आज सत्तामा विराजमान छन् । 'माछा मिठा, माछाका काँडा तिता' भन्ने नेपाली उखान यतिखेर सत्ताधारी वर्गका पार्टीहरूले चरितार्थ गरेका छन् । जनयुद्धकै कारण स्थापना भएको गणतन्त्रको स्वाद बालुवाटार, सिंहदरबार, संसदभवन र शितलनिवासमा बसेर मजासित डकारेका छन् तर जनयुद्ध बेठिक थियो, त्यो हिंसाकै बाटो थियो र गलत थियो भनेर बकबास गरिरहेका छन् ।

जनयुद्धको मूख्य कार्यभार दुईवटा थियो । एउटा देशमा शदियौँदेखि जरा गाडेर बसेको सामन्तवादी राज्यसत्ताको पहाड भत्काउनु । दोस्रो साम्राज्यवादी तथा विस्तारवादी हस्तेक्षपको पहाड फोडेर राष्ट्रलाई स्वाधीन, आत्मनिर्भर र स्वतन्त्र बनाउनु । यी दुई कार्यभार पूरा गर्नका लागि दीर्घकालिन जनयुद्धको कार्यदिशा लागू गरेर गाउँलाई मुक्त गर्दै जनसत्ता निर्माण गरी शहर र राजधानी कब्जा गर्ने रणनीति लागू गरिएको थियो । 'सय पटक नाप र एक पटक हान' भनेजस्तै निकै लामो तयारीपछि मात्रै नेपाली जनताले सचेतता पूर्वक बन्दुक उठाएको थियो । 'एक पटक बन्दुक उठाएपछि त्यसलाई अन्तिम टुङ्गोमा नपुऱ्याएसम्म नबिसाउने' सैद्धान्तिक प्रतिवद्धतासहित जनयुद्धको थालनी गरिएको थियो । जनयुद्ध थालनी गर्दा तात्कालिन केन्द्रीय समितिबाट जारि गरिएको सात बुँदे प्रतिवद्धताको सार सङ्क्षेप यसप्रकार थियो-

क) मालेमावादको हिंसासम्बन्धी शिक्षामा आधारित रही माओले विकास गर्नुभएको मार्क्सवादी सैन्य सिद्धान्तअनुरूप जनयुद्धप्रति अविचलित रहने ।

ख) जनयुद्ध 'राज्यसत्ताबाहेक अरू सबै भ्रम हो' भन्ने मान्यतामा आधारित हुनेछ । जनताका निमित्त राजनीतिक सत्ता कब्जा गर्दा देखा पर्ने अर्थवाद, सुधारवाद, अराजकतावाद, लगायतका सबै प्रकारका विचलनवादी चिन्तन र प्रवृत्तिका विरुद्ध निरन्तर सङ्घर्ष गर्ने ।

ग) हाम्रो योजना सामन्तवाद र साम्राज्यवादलाई ध्वस्त गरी नयाँ जनवादी क्रान्ति पूरा गर्ने, सर्वहारा वर्गको अधिनायकत्व अन्तर्गत क्रान्ति जारी राख्ने । एक पटक हतियार उठाएपछि त्यसलाई अन्तसम्म लैजाने दृढताबिना सशस्त्र सङ्घर्षको थालनी गर्नु सर्वहारा वर्ग एवम् आम जनताप्रति अपराध हुने कुरामा हामी दृढ छौं ।

घ) हाम्रो यो योजना सर्वहारा अन्तर्राष्ट्रवादको महान् भावनामा आधारित रहनेछ । नेपाली क्रान्ति, सर्वहारा विश्वक्रान्तिको अभिन्न अङ्ग हो र यसले विश्वक्रान्तिको सेवा गर्नेछ ।

ङ) हाम्रो योजना नयाँ जनवादी क्रान्तिकालमा सर्वहारा वर्गको पार्टीको नेतृत्वमा क्रान्तिकारी संयुक्त मोर्चा र क्रान्तिकारी सेना निमाणर्को सैद्धान्तिक मान्यतामा आधारित रहनेछ ।

च) हाम्रो यो योजना सर्वहारा वर्गको पार्टीको स्वतन्त्र आत्मनिणर्यको अधिकारको मान्यता अनुसार बन्नेछ । पार्टीको नेतृत्वमा सामन्तवाद र साम्राज्यवाद विरोधी सबै तह र तप्काका जनसमुदायलाई गोलबन्द गर्दै सशस्त्र सङ्घर्ष संचालन गरिने छ । कहिल्यै र कुनै पनि हालतमा पार्टी देशी एवम् प्रतिक्रियावादी गुटहरूको दवाव, धम्की र प्रलोभनमा पर्ने छैन ।

छ) लेनिनको 'क्रान्ति आफैँले आफ्नो विकासक्रममा सधैँ नै असाधारण जटिल परिस्थिति सिर्जना गर्दछ' भन्ने कुराको महत्वलाई आत्मसात गरेर जानु जरुरी छ ।

आज जनता र राष्ट्रप्रति गद्दारी गरेर जनयुद्ध समाप्त पारेर संसदीय व्यवस्थालाई स्वीकार्दै घुँडा टेकेका प्रचण्ड र उनको भजन मण्डलीले 'जनयुद्धलाई सम्झौतामा नल्याएको भए अहिलेसम्म हामी सबै समाप्त हुने थियौँ' भनेर आम जनता र माओवादी नेता कार्यकर्तामा भ्रमको खेति गरेर आफ्नो आत्मसमपणर्वादी र साम्राज्यवाद सामू लम्पसार परेको प्रवृत्तिको ढाकछोप गर्न खोजेका छन् । अहिले प्रचण्ड स्कूलका तलसम्मका नेता कार्यकर्ताहरूले उनकै भनाइलाई स्कूलिङका रूपमा तलैसम्म लगेर जनतामा भ्रम सिर्जना गरिरहेका छन् । यसले के प्रस्ट हुन्छ भने प्रचण्ड-बाबुरामहरूले जनयुद्धलाई नियोजित रूपमै शक्ति आर्जनको माध्यम बनाएका थिए र उनीहरूको गन्तव्य केवल राजतन्त्रको उन्मुलन गरेर बुर्जुवा गणतन्त्र स्थापना गर्नु थियो । आफैँले जनयुद्ध थालनी गर्दा जारी गरेका सात बुँदे प्रतिवद्धताहरूप्रति गद्धारी त गरेकै थिए त्यसलाई अगाडि बढाउन खोज्ने आफ्नै सहयोद्धाहरूप्रति पनि दमन गर्दै फासिवादी सत्ता चलाउन खोज्दैछन् ।

निश्चितै रूपमा युद्ध हारजितकै खेल हो । साधन स्रोत र सामर्थ्यका हिसावले प्रतिक्रियावादी शक्ति हजारौँ गुणा शक्तिशाली हुन्छ । त्यसैले जनयुद्ध कमसल प्रविधिबाट बलियो र उच्च प्रविधिसँग लड्नुपर्ने भएकाले यो छापामार तरिकाले लडिने लडाइँ हो । पुरानो सत्ता निकै बलियो छ भन्ने कुरा जनयुद्ध थालनी गर्नुपूर्व नै थाहा थियो । त्यसैले त 'आफ्नो विजयको शिखर नचुम्दासम्म जनयुद्धमा उठाएको बन्दुक बिसाइने छैन । यदि बिसाइयो र सम्झौता गरियो भने त्यो सर्वहारा वर्ग एवम् आम जनताप्रति अपराध हुने छ' भनिएको थियो ।

रक्षा, सन्तुलन र प्रत्याक्रमण गरी जनयुद्धका तीन चरण हुन्छन् भनेर माओले संश्लेषण गर्नु भएको थियो । नेपालमा सञ्चालन भएको महान् जनयुद्धले आफ्नो दश वर्षको समयमा रक्षा र सन्तुलनको चरण लगभग पूरा गरेर प्रत्याक्रमणको चरणमा फड्को मार्ने दिशामा पुगेको थियो । यहाँसम्म आइपुग्दा नेपालको कूल भूभागको असी प्रतिशत भूभाग माओवादीको कब्जामा गइसकेको थियो । पुरानो सत्ता जिल्लाका सदरमुकामका पनि सेनाको बख्तरबन्द ब्यारेकमा मात्रै खुम्चिन पुगेको थियो । उता यही बिचमा तात्कालिन राजा ज्ञानेन्द्रले संसदीय व्यवस्थालाई कू गरेर कब्जा गरेका थिए भने संसदवादी राजनीतिक दलहरूमाथि प्रतिबन्ध लगाएर तिनका शीर्ष नेताहरूलाई नजरबन्दमा लिएका थिए । सात दलीय संसदवादी शक्तिले सडकमा पचास जना टाउका गनेर पनि मानिस उतार्न सकिरहेका थिएनन् । राजा बीरेन्द्रको बंश नास हुनेगरी भएको दरबार हत्याकाण्डको दोष ज्ञानेन्द्रलाई लागिरहेको थियो । उनी जनताका बिचमा अलोकपृय भएका थिए । राजतन्त्र पनि कमजोर भएको र संसदवादी दलहरू झनै कमजोर भएको बेला जनयुद्धको दिशा मोड्नु प्रचण्ड-बाबुरामहरूको नियोजित षड्यन्त्र थियो भन्ने कुरा अहिले घाम जत्तिकै छर्लङ्ग भएको छ । यहाँ 'तलाउमा डुबेको कुकुरलाई लट्ठीले चुटेर मार' भन्ने चिनियाँ उक्ति स्मरणयोग्य छ । सामन्तवाद र दलाल नोकरशाही पुँजीवादी शक्ति दुबै एकैसाथ कमजोर बनेको अवस्था जनयुद्धका निम्ति अत्यन्तै अनुकूल थियो । यो बेला दुश्मन शक्तिलाई ब्यारेक बाहिर बोलाएर चुट्नु नै उत्तम तात्कालिक कार्यनीतिक योजना हुन्थ्यो । त्यसअनुसारको कार्ययोजना बनाउनु पर्नेमा संसदवादी दलका मुख्यशक्ति नेपाली काङ्ग्रेस र एमालेलाई पुनर्जिवन दिनु प्रचण्ड-बाबुरामको जनताप्रतिकै ठूलो गद्दारी थियो । सात साल र छयालिस सालका दिल्ली सम्झौता धोका हो भनेर हतियार उठाएको माओवादी आफैँले बाह्रबुँदे दिल्ली सम्झौता गर्नुले पनि प्रचण्ड-बाबुराम बुर्जुवा सत्ताको कुर्सीमा बस्न आतुर थिए भन्ने कुरा पुष्टि हुन्छ ।

त्यतिबेला माधव नेपाल तथा केपी ओलीहरू खिसिट्युरीको भाषामा भन्दै थिए 'केटाकेटी आए गुलेली खेलाए मट्याङ्गाको सत्यानाश' । अझ २०६२/०६३ को जनआन्दोलनलाई केपीले त आफ्नो बालकोटे दरबारको कौशीमा बसेर 'गणतन्त्रको नारा लगाउनु गोरुगाडामा चढेर अमेरिका यात्रा गर्नु जस्तै हो' भनेर खिसिट्युरी गरेका थिए । आज त्यही गणतन्त्रको स्वाद बालुवाटार बसेर झुसिलो डकारिरहेका छन् । त्यो महान् जनयुद्ध लडेर नै केपीहरूलाई गणतन्त्रका लागि सम्झौतामा घिसारेर ल्याएको हुनाले अहिलेको यो वुर्जुवा गणतन्त्रमा मालिक हुन पाएका हुन् ।

आज जनयुद्धका सत्ताइसौँ वर्षमा प्रवेश गर्दै गर्दा क्रान्तिकारीहरूले फेरी नयाँ शिक्षा लिनुपर्ने भएको छ कि अबको निर्णायक लडाइँ लड्दा गद्दार नेताहरू कसरी जन्मिदा रहेछन् र ती नेताहरूलाई किनारामा लगाएर युद्ध कसरी अगाडि बढाउनु पर्नेछ भन्ने कुरा । जनयुद्धका सात बुँदे प्रतिवद्धता अहिले पनि सान्दर्भिक र औचित्यपूणर् नै छन् । ती त मालेमावादको वैचारिक आलोकमा संश्लेषण गरिएका मार्गदर्शक सिद्धान्त थिए । त्यसलाई पुनःस्मरण गरेर नै अगाडिको कार्यदिशा तय गर्नु जरुरी छ । कालापानीको सीमा विवाद र एमसिसि परियोजनाका कारण आज देश राष्ट्रिय स्वाधीनताको एजेण्डामा ध्रुविकरण हुने सम्भावना प्रवल बनेको छ । यसप्रति सचेततापूर्वक सङ्घर्ष उठान गर्न सकिएन भने देश इराक, अफगान बन्ने खतरा प्रवल बनेर आएको छ । यसरी मात्रै फागुन एक अर्थात् जनयुद्ध दिवस मनाउनु औचित्पूणर् हुनेछ ।

# बजारको अतिक्रमण र नियन्त्रण : साहित्यको कमोडिफिकेसन



● प्रा.डा. ताराकान्त पाण्डेय ●

यतिबेला नेपाली साहित्यमा विकसित भइरहेको एउटा नकारात्मक स्थिति हो साहित्यलाई बजारले निर्देशित गर्नु । यसलाई साहित्यमाथि बजारको नियन्त्रण पनि भन्न सकिन्छ । खास गरी सङ्क्रमण कालसँगै बलियो हुँदै गएको र फस्टाउँदै गएको नवउदारवादी उपभोक्तावाद (बजारवाद)ले साहित्यलाई पनि कमोडिफाइ गरिरहेको छ । हिजो होडिङ बोर्डहरूमा कोकाकोला र मदिराका विज्ञापन हुन्थे अहिले उपन्यास वा कथित सेलिब्रेटी भनिएका व्यक्तिहरूका बायोग्राफीहरूका ठुला ठुला विज्ञापन देखिन्छन् । विस्तारै साहित्य सार्थक र कलात्मक लेखनबाट बिकाउ मालमा परिणत हुँदैछ । प्रकाशनका क्षेत्रमा नवउदारवादी अर्थतन्त्र वा बजारले प्रवेश गरेको छ र नाफा कमाउनका लागि प्रायोजित ढङ्गले पुस्तकहरूको प्रकाशन भइ रहेको छ । कलाकार र उद्योगपति अनि त्यस्तै विभिन्न क्षेत्रका कथित सेलिब्रेटीहरूले पैसा खर्च गरेर अरुलाई लेख्न लगाई 'बेस्ट सेलर' कृतिका लेखक भइरहेका छन् । बेस्ट सेलिङको निर्धारण घोषणा पनि बजारले आफू खुसी गर्छ । त्यस्ता कृतिहरूमा यौनको घटिया चित्रणदेखि जनयुद्धका सन्दर्भको अविश्वसनीय र प्रयोनपरक ढङ्गले दुरूपयोग गरिएको पाइन्छ । यौन सन्दर्भलाई त बजारले नाफा कमाउन प्रयोग गर्छ नै, जनयुद्धका सन्दर्भ समेतलाई बिक्री र नाफाको वस्तु बनाएको छ । एक प्रकारले सार्थक लेखन र लेखक किनारामा र प्रायोजित लेखन केन्द्रमा आइपुगेको छ । आज कवितालाई ओझेलमा पार्दै उपन्यास र आख्यानेतर गद्यको जो बाढी देखा पर्दैछ, त्यसमा बजारकै केन्द्रीय भूमिका छ । यसबारे आहुति भन्छन् :

बजारलाई नै मुख्य मानदण्ड बनाइ सकेपछि र नाफा कमाउने कुरालाई केन्द्रमा राखेपछि जुन चिज छिटो-छरितो रूपमा धेरै बिक्छ, त्यसैको व्यापारमा ध्यान दिनु स्वाभाविक हो । कविता स्वभाविक रूपमा गहिरो चिन्तनसँग सम्बन्धित विधा भएको हुनाले त्यसका पाठकहरू सापेक्षातामा कम हुनुलाई अस्वाभाविक मान्न सकिंदैन । तर, कवितालाई पूरै निषेध गर्ने वा त्यसको उत्पादनलाई नै प्रभावित गर्ने र उपन्यासजस्ता चिजहरू मात्रै बजारमा लाने प्रवृत्ति नाफा कमाऊ अभियानसँग सम्बन्धित छ । नवउदारवादले गर्ने यही हो । जे बढी बिक्छ वा जेले बढी नाफा दिन्छ, त्यसको उत्पादनलाई यसले प्रोत्साहित गर्छ । बौद्धिक सामग्रीहरू कमजोर हुँदै जानु र उपभोग्य सामग्रीहरू हावी हुँदै जानु नवउदारवादी प्रवृत्तिको साहित्यिक क्षेत्रमा परेको प्रभाव हो । म त के देख्छु भने नेपाली बजार अब बिस्तारै उपन्यासबाट घटिया उपन्यासतिर जान्छ, एकदम कमसल चेतनाको वरपर मात्र घुम्ने प्रकारका सामग्रीतिर यसको ध्यान जान्छ किनकी त्यसैको सबैभन्दा बढी बजार हुन्छ । (२०७० असोज २५)

कविता मानव संवेदनाको सघन अभिव्यक्ति गरिने छरितो विधा हो । यो सामूहिक आवेगलाई अभिव्यक्त गर्ने माध्यम पनि हो । तर बढ्दो नाफा कमाउ प्रवृत्तिको बजारले यसमाथि नियन्त्रण गरिरहेको छ । उपन्यासलाई साहित्यको एक मात्र पर्यायका रूपमा प्रस्तुत गर्दै कवितामाथि धावा बोलि रहेको छ । यसको कारण कविता र उपन्यासमा प्रस्तुत गरिने विषयको प्रकृति पनि हो । कविता जीवनप्रति गम्भीर छ । यसले जीवनका नग्नतालाई सजिलै बिक्रीको माल बनाउँदैन । त्यति स्पेस कवितासँग छैन । उपन्यासमा त्यो स्पेस सजिलै बनाउन सकिन्छ र जीवनका नग्नता र कामुकताको बजारीकरण अर्थात् कमोडिफिकेसन गर्न सजिलो गरी सकिन्छ ।

युवा कवि सङ्गीत श्रोताले नेपाली साहित्यको बजारशास्त्र बारे गरेको अनुसन्धान यस सन्दर्भमा महत्त्वपूणर् छ । उक्त अध्ययनमा उनले लेखका छन् :

पछिल्ला दिनमा प्रकाशकहरूले प्रकाशनमा पनि उपन्यास (आख्यान) लाई नै प्राथमिकतामा पारेका छन् । विषय छनोट बजारवादको अर्को प्रवृत्ति हो । कुन विषय बिक्छ वा कुन विषयले धेरै नाफा दिन्छ भनेर विषय छनौट गर्नु बजारवादी (उपभोक्तावादी) तरिका हो । पुँजीवादले जुन विषय धेरै मात्रामा बिक्री हुन्छ वा ठूलो मात्रामा नाफा आर्जन हुन्छ, त्यसैलाई तामझामपूणर् विज्ञापन गरेर बेच्छ । उसले नाफाको शर्तमा युद्ध पनि बेच्छ, यौन पनि बेच्छ । संवेदना पनि बेच्छ, उत्तेजना पनि बेच्छ । पछिल्ला दिनमा यौन र प्रेमका कथालाई प्रायोजित रूपमा लेखाएर प्रायोजित रूपमै बेचिन थालेको छ । फाइन प्रिन्टले 'फस्ट लभ' नामक पुस्तक यस्तै परियोजना सहित लेख्न लगाएर प्रकाशन गरेको हो । सामाजिक मूल्य भएका पुस्तकहरूको प्रकाशन रोकेर योजनाबद्ध रूपमा प्रेम वा यौनको विषयलाई बजारमा ल्याइएका उदाहरण नेपाली प्रकाशन क्षेत्रमा धेरै नै चर्चाको विषय बनेको छ । अर्कातिर माओवादी जनयुद्धको निरन्तर विरोध गरिरहने र त्यसका विरुद्ध राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा मोर्चाबन्दी गर्ने एनजिओ, आइएनजिओ तथा प्रकाशन संस्थाहरू पछिल्ला समयमा त्यही युद्धका सामग्रीलाई पुस्तकका रूपमा बेच्न उद्यत भइरहेको देखिन्छ । नेपालय नामक संस्थाले निकालेका जनयुद्धसँग सम्बद्ध संस्मरण सम्बन्धी पुस्तकहरू यसैका उदाहरण हुन् । यसले बजारवाद नाफा प्राप्त हुन्छ भने जुन कुरा पनि बेच्न तयार हुन्छ भन्ने पुष्टि गर्छ (पृ. ४-५) ।

सङ्गीत श्रोताको यस व्याख्याले अहिलेको बजार र साहित्यको सम्बन्धलाई राम्रैसँग स्पष्ट पारेको छ । वास्तवमा अहिले जसरी प्रायोजित ढङ्गले उपन्यासका नाउँमा कृतिहरू लेखाउने र प्रकाशन गर्ने काम भइ रहेको छ, त्यसबाट समकालीन यथार्थका गतिशील पक्षको अभिव्यक्तिलाई निषेध गर्ने वा भुत्ते बनाउने काम भइ रहेको छ र उत्तेजक विषयवस्तुलाई विक्रयको माल बनाउने काम भएको छ । क्रमिक रूपले जनयुद्धको मूल्य विघटन र सङ्क्रमणशीलताको विस्तारणले बजारवाद/उपभोक्तावादलाई राम्रो मलजल दिइ रहेको छ र साहित्य बहुराष्ट्रिय कम्पनीका पकडमा जाँदै छ । त्यसैले जनतका पक्षमा, परिवर्तनका पक्षमा र क्रान्तिका पक्षमा लेखने अथवा सार्थक साहित्य लेख्ने स्रष्टाहरूका लागि यो चुनौतीको कालखण्ड हो । कविता त अतिक्रमित छ नै आख्यानका क्षेत्रमा पनि यथास्थितिवादी धाराले अथवा बजारवादी धाराले राम्रै चुनौती खडा गरि दिएको छ ।

## विप्लव...

बन्न गएको तथ्य स्पष्ट भएको कुरा उल्लेख गरिएको छ । र, स्वतन्त्र रूपमा क्रियाशील क्रान्तिकारी समूहहरू, अहिलेसम्म पनि भ्रमबस अवसरवादी तथा संशोधनवादी पार्टीमा रहेका क्रान्तिकारीहरू र स्वतन्त्र व्यक्तित्वहरूलाई क्रान्तिको प्रक्रियामा ध्रुवीकृत तथा एकीकृत भई अगाडि बढ्न विशेष आह्वान गरिएको छ ।

पार्टी महासचिव मोहन वैद्य किरणले जारी गर्नुभएको वक्तव्यमा जनयुद्ध सुरु गरेको दिनको स्मरण गर्दै भनिएको छ, 'आज २०७८ फागुन १ गते सत्ताइसौं जनयुद्ध दिवस हो । हाम्रो पार्टीले आज विभिन्न प्रकारका कार्यक्रमहरूको आयोजना गरी देशभरि महान् जनयुद्ध दिवस मनाउन गइरहेको छ । सर्वप्रथम यस ऐतिहासिक दिनमा हामीले नेपाली क्रान्तिको प्रक्रियामा जीवन बलिदान गर्ने सम्पूर्ण अमर सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं, बेपत्ता र घाइते तथा अपाङ्ग योद्धाहरूप्रति हार्दिक सम्मान व्यक्त गर्दछौं । साथै, यस अवसरमा देश र जनताको मुक्तिका निमित्त नेपाली जनताले देखाएको त्याग, वीरता, साहस तथा बलिदानका उच्च कीर्तिमानहरूको संस्मरण गर्दै हाम्रो पार्टी सहिद तथा बेपत्ता योद्धाका परिवारजन, सम्पूर्ण पार्टी सदस्य कमरेडहरू, समर्थक तथा शुभचिन्तक जनसमुदाय एवम् अन्तर्राष्ट्रिय भाइचारा पार्टीहरू लगायत विश्व सर्वहारा वर्गप्रति हार्दिक शुभकामना सहित लाल अभिवादन गर्दछ ।'

मुख्य नेतृत्वको धोका र गद्दारीका कारण जनयुद्धले धक्का खाएको र प्रतिक्रान्ति हावी हुन पुगेको प्रसंगबारे उल्लेख गर्दै वक्तव्यमा भनिएको छ, 'आज भन्दा छब्बिस वर्ष पहिले तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (माओवादी)को नेतृत्वमा आन्तरिक रूपमा दलाल तथा नोकरशाही पुँजीवाद एवम् सामन्तवादको शोषण तथा उत्पीडन र बाह्य रूपमा साम्राज्यवाद तथा भारतीय विस्तारवादको हस्तक्षेपका विरुद्ध नेपालमा नयाँ जनवादी राज्यसत्ताको स्थापना गरी वैज्ञानिक समाजवाद र साम्यवाद तर्फको मार्ग प्रसस्त गर्न महान् जनयुद्धको थालनी गरिएको थियो । छोटै समयमा उक्त जनयुद्ध जनमुक्ति सेनाको निर्माण, देशको विशाल ग्रामीण भूभागमा जनसत्ताको स्थापना र जनसरकारको गठन गर्दै विश्वभरि सर्वहारा क्रान्तिको नयाँ सन्देश प्रवाहित गर्न सफल भएको थियो । तर, आज पार्टीको मूल नेतृत्वमा पैदा भएको दक्षिणपन्थी नवसंशोधनवादी विचलनका कारण क्रान्तिप्रति गद्दारी भएको छ, क्रान्ति प्रतिक्रान्तिमा बदलिएको छ र महान नेपाली जनयुद्ध इतिहास बनेको छ । हिजोका क्रान्तिका मूल नायक आज त्यही पुरानो प्रतिक्रियावादी सत्ता, उही संसदीय व्यवस्था र जनविरोधी संविधानका रक्षक बनेका छन् । यो दुःखद यथार्थ हो ।'

देशको स्वाधीनता, जनतन्त्र र जनजीविकाको भयावह र संकटपूर्ण स्थितिको चित्रण गर्दै वक्तव्यमा भनिएको छ, ' नेपालमा लोकतान्त्रिक गणतन्त्रको स्थापना भएपछि पनि मजदुर, किसान, महिला, आदिवासी जनजाति, मधेशी, मुस्लिम लगायत आम उत्पीडित नेपाली जनताले जनतान्त्रिक अधिकारहरूको प्रयोग गर्न पाएका छैनन्, बरु प्राप्त सिमित अधिकारहरू पनि क्रमशः खोसिंदै जान थालेका छन् । बढ्दो बेरोजगारी र आकाशिंदो महङ्गीका कारण मानिसलाई जीवन धान्न नै धौ धौ भएको छ । देशको राष्ट्रिय स्वाधीनता एक पछि अर्को गरी गंभीर खतरामा पर्दै गएको छ । हिन्द-प्रशान्त रणनीतिको अङ्ग रहेको एमसीसी परियोजनालाई नेपालको संसदबाट अनुमोदन गराउन अमेरिकी साम्राज्यवादी शासकहरूले संसदवादी पार्टीका नेताहरूलाई फोन तथा विभिन्न संचार माध्यमबाट धम्की दिन थालेका छन् । लिम्पियाधुरा, कालापानी र लिपुलेक कब्जागरेर बसेका भारतीय विस्तारवादी शासकहरूले नेपाली भूमिमा सडक निर्माण र विस्तार गरेको खुला घोषणा गर्दा पनि त्यसबारे सामान्य कूटनैतिक विरोधसम्म पनि नगरेर तिनिहरू भारतीय विस्तारवादी शासक वर्गका सामु लम्पसार परेका छन् । वस्तुतः नेपालका संसदवादी पार्टीका शीर्ष नेताहरू नै देशको औपनिवेशीकरण गर्ने प्रक्रियामा साम्राज्यवाद तथा विस्तारवादका भरपर्दा मतियार बन्न पुगेका छन् । यसरी देश दिन प्रतिदिन पराधीन हुँदै गएको छ ।'

नेपालमा नेपालमा संसदीय व्यवस्था र त्यसका प्रमुख तीनओटै अङ्गहरू व्यवस्थापिका, कार्यपालिका तथा न्यायपालिका समेत सबै अस्तव्यस्त बनेको, देशको आर्थिक अवस्था झनझन जर्जर र संकटग्रस्त हुँदै गएको र, लोकतन्त्रवादी र संशोधनवादी कम्युनिस्ट पार्टीहरू सबै असफल सावित भएको स्थितिले नेपालमा नयाँ जनवादी क्रान्ति अनिवार्य आवश्यकता बन्न गएको तथ्य स्पष्ट गरेको कुरा उल्लेख गर्दै वक्तव्यमा भनिएको छ, ' यतिबेला नेपाली क्रान्तिले धक्का अवश्य खाएको छ, तर क्रान्तिको प्रक्रिया रोकिएको छैन । विश्व सर्वहारा वर्गले क्रान्तिको प्रक्रियामा विगतमा आर्जन गरेका सकारात्मक तथा नकारात्मक अनुभवहरूबाट पाठ सिक्दै, मार्क्सवाद-लेनिनवाद-माओवादलाई नेपाली विशेषतामा सिर्जनात्मक ढङ्गले प्रयोग गर्दै हाम्रो पार्टी नेपालमा नयाँ जनवादी राज्यसत्ता स्थापनाका लागि क्रान्तिको तयारीमा जुटेको छ । महान् जनयुद्धको सत्ताइसौं वार्षिकोत्सवको यस अवसरमा हाम्रो पार्टी स्वतन्त्र रूपमा क्रियाशील क्रान्तिकारी समूहहरू, अहिलेसम्म पनि भ्रमबस अवसरवादी तथा संशोधनवादी पार्टीमा रहेका क्रान्तिकारीहरू र स्वतन्त्र व्यक्तित्वहरूलाई क्रान्तिको प्रक्रियामा ध्रुवीकृत तथा एकीकृत भई अगाडि बढ्न विशेष आह्वान गर्दछ ।'

**यस्तो छ प्रेस वक्तव्यको पूर्णपाठ :**

'जनयुद्ध दिवसको उपलक्ष्यमा प्रेस-वक्तव्य

आज २०७८ फागुन १ गते सत्ताइसौं जनयुद्ध दिवस हो । हाम्रो पार्टीले आज विभिन्न प्रकारका कार्यक्रमहरूको आयोजना गरी देशभरि महान् जनयुद्ध दिवस मनाउन गइरहेको छ । सर्वप्रथम यस ऐतिहासिक दिनमा हामीले नेपाली क्रान्तिको प्रक्रियामा जीवन बलिदान गर्ने सम्पूर्ण अमर सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं, बेपत्ता र घाइते तथा अपाङ्ग योद्धाहरूप्रति हार्दिक सम्मान व्यक्त गर्दछौं । साथै, यस अवसरमा देश र जनताको मुक्तिका निमित्त नेपाली जनताले देखाएको त्याग, वीरता, साहस तथा बलिदानका उच्च कीर्तिमानहरूको संस्मरण गर्दै हाम्रो पार्टी सहिद तथा बेपत्ता योद्धाका परिवारजन, सम्पूर्ण पार्टी सदस्य कमरेडहरू, समर्थक तथा शुभचिन्तक जनसमुदाय एवम् अन्तर्राष्ट्रिय भाइचारा पार्टीहरू लगायत विश्व सर्वहारा वर्गप्रति हार्दिक शुभकामना सहित लाल अभिवादन गर्दछ ।

आज भन्दा छब्बिस वर्ष पहिले तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (माओवादी)को नेतृत्वमा आन्तरिक रूपमा दलाल तथा नोकरशाही पुँजीवाद एवम् सामन्तवादको शोषण तथा उत्पीडन र बाह्य रूपमा साम्राज्यवाद तथा भारतीय विस्तारवादको हस्तक्षेपका विरुद्ध नेपालमा नयाँ जनवादी राज्यसत्ताको स्थापना गरी वैज्ञानिक समाजवाद र साम्यवाद तर्फको मार्ग प्रसस्त गर्न महान् जनयुद्धको थालनी गरिएको थियो । छोटै समयमा उक्त जनयुद्ध जनमुक्ति सेनाको निर्माण, देशको विशाल ग्रामीण भूभागमा जनसत्ताको स्थापना र जनसरकारको गठन गर्दै विश्वभरि सर्वहारा क्रान्तिको नयाँ सन्देश प्रवाहित गर्न सफल भएको थियो । तर, आज पार्टीको मूल नेतृत्वमा पैदा भएको दक्षिणपन्थी नवसंशोधनवादी विचलनका कारण क्रान्तिप्रति गद्दारी भएको छ, क्रान्ति प्रतिक्रान्तिमा बदलिएको छ र महान नेपाली जनयुद्ध इतिहास बनेको छ । हिजोका क्रान्तिका मूल नायक आज त्यही पुरानो प्रतिक्रियावादी सत्ता, उही संसदीय व्यवस्था र जनविरोधी संविधानका रक्षक बनेका छन् । यो दुःखद यथार्थ हो ।

नेपालमा लोकतान्त्रिक गणतन्त्रको स्थापना भएपछि पनि मजदुर, किसान, महिला, आदिवासी जनजाति, मधेशी, मुस्लिम लगायत आम उत्पीडित नेपाली जनताले जनतान्त्रिक अधिकारहरूको प्रयोग गर्न पाएका छैनन्, बरु प्राप्त सिमित अधिकारहरू पनि क्रमशः खोसिंदै जान थालेका छन् । बढ्दो बेरोजगारी र आकाशिंदो महङ्गीका कारण मानिसलाई जीवन धान्न नै धौ धौ भएको छ । देशको राष्ट्रिय स्वाधीनता एक पछि अर्को गरी गंभीर खतरामा पर्दै गएको छ । हिन्द-प्रशान्त रणनीतिको अङ्ग रहेको एमसीसी परियोजनालाई नेपालको संसदबाट अनुमोदन गराउन अमेरिकी साम्राज्यवादी शासकहरूले संसदवादी पार्टीका नेताहरूलाई फोन तथा विभिन्न संचार माध्यमबाट धम्की दिन थालेका छन् । लिम्पियाधुरा, कालापानी र लिपुलेक कब्जागरेर बसेका भारतीय विस्तारवादी शासकहरूले नेपाली भूमिमा सडक निर्माण र विस्तार गरेको खुला घोषणा गर्दा पनि त्यसबारे सामान्य कूटनैतिक विरोधसम्म पनि नगरेर तिनिहरू भारतीय विस्तारवादी शासक वर्गका सामु लम्पसार परेका छन् । वस्तुतः नेपालका संसदवादी पार्टीका शीर्ष नेताहरू नै देशको औपनिवेशीकरण गर्ने प्रक्रियामा साम्राज्यवाद तथा विस्तारवादका भरपर्दा मतियार बन्न पुगेका छन् । यसरी देश दिन प्रतिदिन पराधीन हुँदै गएको छ ।

नेपालमा संसदीय व्यवस्था र त्यसका प्रमुख तीनओटै अङ्गहरू व्यवस्थापिका, कार्यपालिका तथा न्यायपालिका समेत सबै अस्तव्यस्त छन् । देशको आर्थिक अवस्था झनझन जर्जर र संकटग्रस्त हुँदै गएको छ । लोकतन्त्रवादी र संशोधनवादी कम्युनिस्ट पार्टीहरू सबै असफल सावित भएका छन् । यसले नेपालमा नयाँ जनवादी क्रान्ति अनिवार्य आवश्यकता बन्न गएको तथ्य स्पष्ट गर्दछ ।

यतिबेला नेपाली क्रान्तिले धक्का अवश्य खाएको छ, तर क्रान्तिको प्रक्रिया रोकिएको छैन । विश्व सर्वहारा वर्गले क्रान्तिको प्रक्रियामा विगतमा आर्जन गरेका सकारात्मक तथा नकारात्मक अनुभवहरूबाट पाठ सिक्दै, मार्क्सवाद-लेनिनवाद-माओवादलाई नेपाली विशेषतामा सिर्जनात्मक ढङ्गले प्रयोग गर्दै हाम्रो पार्टी नेपालमा नयाँ जनवादी राज्यसत्ता स्थापनाका लागि क्रान्तिको तयारीमा जुटेको छ । महान् जनयुद्धको सत्ताइसौं वार्षिकोत्सवको यस अवसरमा हाम्रो पार्टी स्वतन्त्र रूपमा क्रियाशील क्रान्तिकारी समूहहरू, अहिलेसम्म पनि भ्रमबस अवसरवादी तथा संशोधनवादी पार्टीमा रहेका क्रान्तिकारीहरू र स्वतन्त्र व्यक्तित्वहरूलाई क्रान्तिको प्रक्रियामा ध्रुवीकृत तथा एकीकृत भई अगाडि बढ्न विशेष आह्वान गर्दछ । क्रान्तिकारी अभिवादन सहित !

*मिति : २०७८ फागुन १*

*किरण*
*महासचिव*
*नेकपा (क्रान्तिकारी माओवादी)'*

---

### ❑ यो साताको कविता

## नेताज्यू, मेरो भोट लिलाममा छ



❑ खगेश्वर भण्डारी ❑

*अब बाँकी के नै छ र?*
*ऊ, त्यो बाजेका पालाको चौतारो*
*ठेकेदारले काटिदियो*
*बज्यैले सिलाएको छिटको गुन्यु*
*बेल्जियमबाट घुम्न आएको नातिले च्यातिदियो*
*बराजुले जोगाएको फाटेको झण्डाको मोलतोल चल्दैछ*
*भक्तिको सालिक ढल्दैछन्*
*ठेकेदार देशकै मालिक बन्दैछन्*
*रगतले मुछेको माटोको ढिस्को*
*त्यो पनि उसैले किनिसक्यो*
*खुब खर्चेर पढाएको हर्कको छोरो*
*त्यो पनि बिक्री भएछ*
*हिंजै हिँडिसक्यो*
*पञ्चेबाजा बेचियो*
*तल्ला माथिल्ला घरका काँइला र कान्छाहरू*
*बेचिएर गएछन्*
*चुनाबमा जिताएका नेताज्यूलाई*
*कानैमा गएर सोधेँ*
*नेताज्यू, तपाइँ बजेट कहिले पठाउनुहुन्छ ?*
*तर बिडम्बना,*
*नेता पनि बिक्री भएछन् ।*

*यता हेरेँ*
*उता हेरेँ*
*नदी मेरो रहेनछ*
*माटो मेरो भएनछ*
*सरकार उतै ढल्किएछ*
*घरमा त पुरै आगो सल्किएछ*
*आखिर मसँग के बच्यो ?*
*यही एउटा भोट ?*
*म पनि निशुल्क भोट किन दिऊँ ?*
*मैले दिएको भोटले देश बेच्न मिल्दो रहेछ*
*ओहो ! मेरो भोट त महङ्गो भएछ*
*भो अब मेरो भोट म आफै बेच्छु ।*
*नेताज्यू, मेरो भोट लिलाममा छ ।*

*तुलसीपुर, दाङ,*
*२०७८/१०/२४*

## ए पापी नेता, सरकार मैले देखेको तिम्रो अनुहार



❑ नारायण शर्मा ❑

*चोर, फटाहा, दलाल, माफिया, यस्तैछन नेता महान !*
*गाउंबाट सहर पसे उतै लुटको देखेर मुहान ॥*
*नदी बेच्छन, स्वाभिमान बेच्छन नमानेर लाज !*
*दिनभरी बढे नेता, मदिरा सुन्दरी सांझ ॥*
*लम्पट कार्यकर्ता बा र सुप्रिमो आदी भन्दै मख्ख !*
*पापीलाई यि शब्द प्रयोग गर्दा आमाको मनै चसक्क ॥*

*पुर्व पश्चिम, उत्रर दक्षिण सिमा मिचिदैछ अहिले ।*
*ब्यापार गर्दै, ठेक्का लिदै सेना मख्ख छ जहिले ॥*
*अन्याय अत्याचार बेतिथीमा डुब्दै नालाएक सरकार ।*
*नेपाली अस्मिता बेचिदा पनि राख्दैन दरकार ॥*

*४/५ पटक एकै ब्यक्ति मन्त्री, प्रधानमन्त्री बन्दै रजाई गर्दै ।*
*जनताहरू रोग, भोग, अशिक्षा, स्वास्थ्य समस्याले घेरिंदै ।*
*०७, ०४६, ०५२, ०६२/६३ को आन्दोलनको मसिया बन्दै ।*
*सहिद घाइते अपाङ्ग टुहुराको मुटुमा नुनचुक लगाउदै ।*
*होनहार युवा खाडी मुलुकबाट दिनहुं बाकसमा भित्रदै ।*
*संधै रेमिट्यान्सले यो पापी सरकार चल्दै चलाउदै ।*
*त्यतिमात्र काहाँ हो र :ऋऋ मा देशै लुटाउदै छ अहिले ।*


## यी जनपक्षीय मिडियाहरू खोजी खोजी पढौं !

- www.moolbato.com
- www.daunnenews.com
- www.isthaniyapatra.com
- www.navadristi.com
- www.hamrokalapani.com
- www.hamroonline.com
- www.newsabhiyan.com
- वर्गदृष्टि साप्ताहिक
- दाउन्ने साप्ताहिक
- स्थानीयपत्र साप्ताहिक
- छापामार साप्ताहिक
- नयाँ कोशी मासिक
- दायित्वबोध त्रैमासिक

## आवश्यक....

***अदालतको तोकआदेशानुसार नेकपा (माओवादी केन्द्र) बनेको छ । माओवादी स्कुलिङको एक हिस्सा नेकपा (क्रान्तिकारी माओवादी)ले नयाँ जनवादी कार्यक्रमलाई मान्दछ, यसैको अर्को हिस्सा क.विप्लवको नेतृत्वको नेकपाले एकीकृत जनक्रान्तिद्वारा वैज्ञानिक समाजवाद स्थापना गर्ने भन्दछ । यो लाइनलाई नेपाली कम्युनिस्ट आन्दोलनको मौलिक नीति हो भन्ने गरिन्छ । यसलाई कसरी हेर्नुभएको छ ? तपाईंहरूको नयाँ जनवादी क्रान्ति र विप्लवको एकीकृत जनक्रान्तिमा खास भिन्नता के देख्नुहुन्छ ? र, नेपाली जनक्रान्तिको आम कार्यदिशाको हिसाबले कुन लाइन बढी वस्तुवादी र समयसापेक्ष मान्नुहुन्छ ?***

पहिले हामी सबै माओवादीहरूले नयाँ जनवादी क्रान्तिको राजनीतिक कार्यदिशा नै मान्दथ्यौं । सर्वप्रथम यो कार्यदिशालाई प्रचण्डजीहरू र त्यसपछि विप्लवजीहरूले परित्याग गर्नु भयो । साथै विप्लवजीहरूले एकीकृत जनक्रान्तिद्वारा समाजवादको मान्यता पेस गर्नु भयो र त्यसलाई मौलिक नीति भन्न पुग्नु भयो । तर आज, एकीकृत जनक्रान्तिद्वारा समाजवादको स्थापना हुन्छ भन्ने कुरालाई पनि छाडेर जनमत सङ्ग्रहद्वारा समाजवाद भन्न थाल्नु भएको छ । यस स्थितिमा उहाँहरूले पेश गर्दै आएको एकीकृत जनक्रान्तिको कार्यदिशा पहिले भन्दा झनै रहस्यवादी बन्दै गएको छ । उहाँहरूको एकीकृत जनक्रान्तिको कार्यदिशा राजनीतिक हो कि, सामरिक हो कि, दुवै हो कि, केही पनि हैन कि ? निकै अस्पष्ट रहेको छ । हाम्रो पार्टी नेकपा (क्रान्तिकारी माओवादी) को राजनीतिक कार्यदिशा नयाँ जनवाद र सामरिक कार्यदिशा नेपाली विशिष्टतामा आधारित सशस्त्र जनविद्रोह भनेर स्पष्टतः उल्लेख गरिएको छ । यसरी हेर्दा, विप्लव समूह र हाम्रो पार्टीको कार्यदिशामा बीच बुझिने गरी नै भिन्नता रहेको छ । हामीले हाम्रो कार्यदिशालाई वस्तुवादी भन्दै आएका छौं । र यसलाई अझै समृद्ध तथा विकसित तुल्याउँदै जान जरुरी छ ।

***नेपालमा अहिले उपभोक्तावादी दलाल अर्थव्यवस्थाका कारण राष्ट्रिय अर्थतन्त्र धराशायी भएको छ । राष्ट्रिय पुँजीपतिहरू टाट पल्टँदै गएका छन् । देशमा भएका राष्ट्रिय गौरवका उद्योगधन्धाहरू प्रायः सबै कौडीको भाउमा दलाल पुँजीपतिहरूको हातमा पुगेको छ र बन्द भएका वा विदेशतर्फ स्थानान्तरण गरिएका छन् । यस्तो अवस्थामा राष्ट्रिय पुँजीको विकासबिना समाजवादको स्थापना गर्ने कुरा गर्ने पार्टीहरूले कुन आधारमा यस्तो कुरा गरिरहेका होलान् ? उनीहरूको यस्तो कुराको पछाडिको अर्थराजनीति के होला ?***

अहिले नेपालमा दलाल तथा नोकरशाही पुँजीवादको विकास हुँदै गएको छ । यसबाट राष्ट्रिय पुँजीको विकासमा ठुलो अवरोध पैदा भइरहेको छ । राष्ट्रिय पुँजीको विकास बिना समाजवादमा जान सकिंदैन । जसले राष्ट्रिय पुँजीको विकास बिना समाजवादमा जाने कुरा गरेका छन् ती वस्तुतः दलाल पुँजीवाद र साम्राज्यवाद कै संरक्षक हुन् ।

***विगतको १० वर्षे महान् जनयुद्धले सेटब्याक खाएको अवस्थामा के त्यही राजनैतिक लाइन र मोडेलबाट अब पनि क्रान्तिको आधार तयार गर्न सम्भव छ ?***

नेपालमा दश वर्षीय जनयुद्ध त भयो, तर यसले अपेक्षा गरेको नयाँ जनवादी क्रान्तिको राजनीतिक कार्यदिशा अनुसारको राजनीतिक उपलब्धि हासिल हुन सकेन । देशको अर्थ-सामाजिक स्थिति अझै पनि अर्ध-सामन्ती, अर्ध-औपनिवेशिक र नव-औपनिवेशिक नै रहेको छ । यस स्थितिमा नेपाली क्रान्तिको आम राजनीतिक कार्यदिशा नयाँ जनवादी क्रान्ति नै हुन्छ । तर, त्यसलाई वर्तमान सन्दर्भमा अझै विकसित र समृद्ध तुल्याउँदै जानु पर्दछ ।

***अमेरिकी साम्राज्यवादले कथित एमसीसीमार्फत् वैधानिक रूपले नेपालमा प्रत्यक्ष हस्तक्षेप गर्नका लागि भगिरथ प्रयास गरिरहेको विद्यमान अवस्थामा आफूलाई कम्युनिस्ट हौं भन्ने सरकारी कम्युनिस्टहरू आफ्नो संगठनात्मक भेलाहरूको बहानामा एमसीसी विरोधी आन्दोलनबाट भागिरहेका छन् । सडकमा एमसीसी खारेज अभियानको संयुक्त आन्दोलनको नेतृत्वमा तपाईंहरूको पार्टीले जुन सकारात्मक पहल गरेको छ, यो ज्यादै सराहनीय छ । तर यस आन्दोलनमा अपेक्षित जनसहभागिता नभइरहेको देखिन्छ । यस आन्दोलनलाई अझ व्यापक बनाउन के गर्दै हुनुहुन्छ ?***

एमसीसी विरोधी जनआन्दोलनमा यहाँले भने जस्तो अपेक्षित जनसहभागिता हुन नसकेको कुरा साँचो हो । यसो हुनुका पछाडि हाम्रो आफ्नै पहलका सीमा तथा कमी, प्रतिक्रियावादी तथा दक्षिणपन्थी संशोधनवादीहरूद्वारा जनमानसमा छरिएका नाना तरहका विभ्रम आदिलाई लिन सकिन्छ ।

***कांग्रेस, एमालेका विभिन्न गुट उपगुट र नेकपा (माओवादी केन्द्र) सबैले आगामी निर्वाचन रणनीति तयार गरी अगाडि बढिसकेका छन् । यहाँहरूको पार्टीले पर्गत निर्वाचनमा देजमो नामको संयुक्त मोर्चामार्फत् भाग लिएको थियो । अब आउँदो निर्वाचनका बारेमा यहाँको पार्टीको धारणा के छ ?***

संसदीय निर्वाचनको विषयलाई हाम्रो पार्टीले सिद्धान्त नभई कार्यनीतिको विषयका रूपमा ग्रहण गर्दै आएको छ । यसबारे सम्बन्धित समयमा केन्द्रीय समितिले उपयुक्त निर्णय लिने नै छ ।

***कम्युनिस्टहरू अन्तर्राष्ट्रियतावादी पनि हुन्छन् । तपाईंहरूले पनि विश्वका विभिन्न कम्युनिस्ट पार्टीहरूसँग भाइचारा सम्बन्ध कायम गर्नुभएको होला । रिमको विघटनपश्चात् मालेमावादी अन्तर्राष्ट्रिय कम्युनिस्ट केन्द्रको अभाव खड्किरहेको वर्तमान अवस्थामा यस्तो केन्द्र निर्माणमा काम अगाडि किन बढ्न सकिरहेको छैन ?***

अन्तर्राष्ट्रिय कम्युनिस्ट केन्द्र निर्माणका लागि सक्दो पहल र प्रयास त भइरहेका छन् । तर, ती अलि सुस्त गति मै छन् । ढिलो चाँडो उक्त काम भएरै छाड्ने छ ।

***पेरुको क्रान्तिले धक्का खाएपछि विश्व कम्युनिस्ट आन्दोलनको केन्द्र नेपाल बनेको थियो । तर नेपालको क्रान्तिप्रति शीर्षतहबाटै गद्दारी भई नेपाली क्रान्ति पनि फरक ढंगबाट अनिश्चयको भुँमरीमा रुमलिएको वर्तमान अवस्थामा विश्वका केही कम्युनिस्ट पार्टीहरूले -विशेषतः भारतीय कम्युनिस्ट पार्टी (माओवादी)ले अहिले पनि दीर्घकालीन जनयुद्धमार्फत् आफ्नो मुक्ति अभियानलाई निरन्तर अघि बढाइरहेका छन् र आफ्नो शक्ति विस्तार गरिरहेका छन् । तर तपाईंहरू त दीर्घकालीन जनयुद्धको आफ्नो पुरानो लाइनबाट नेपाली क्रान्ति सम्भव नहुने भनिरहनुभएको छ । यस विषयलाई अलिकता स्पष्ट पारिदिनुहुन्छ कि ?***

हरेक देशमा क्रान्तिका सामरिक मोडेल आ-आफ्नै स्थिति र विशिष्टतामा आधारित हुन्छन् । सामान्यतः नयाँ जनवादी क्रान्तिको सामरिक कार्यदिशा दीर्घकालीन जनयुद्ध नै हुन्छ । तर, त्यसलाई यान्त्रिक ढङ्गले ग्रहण र प्रयोग गर्नु हुँदैन । हामीले विषयलाई त्यसरी नै लिएका छौं ।

***तपाईंहरूको वर्तमान नीतिअनुसार शहरी विद्रोहद्वारा नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने भनिरहनुभएको छ । नयाँ जनवादी क्रान्तिको मोडेल माओले विकास गर्नुभएको क्रान्तिको मोडेल हो र यसको प्राप्ति दीर्घकालीन जनयुद्धमार्फत हुने कुरा माओले औंल्याउनुभएको छ । तपाईंहरू आफूलाई क्रान्तिकारी माओवादी भन्नुहुन्छ, तर माओको यो प्रमुख प्रस्थापनालाई छाडेर गरिने क्रान्ति नयाँ जनवादी क्रान्ति कसरी हुनसक्छ ? के यो तपाईंहरूले विकसित गर्नुभएको नयाँ मोडेल हो ? यस विषयलाई अलिकता प्रष्ट्याइदिनुहुन्थ्यो कि ?***

नयाँ जनवाद र दीर्घकालीन जनयुद्ध परस्पर सम्बन्धित भए पनि हरेक देशको विशिष्टतामा त्यसरी नै जानुपर्छ भन्ने हुँदैन । देशमा शहर बजारको विस्तार हुँदै गएको स्थिति, विज्ञान तथा प्रविधिमा भएको विकास र सुचना-सञ्चार एवम् यातायातमा हुँदै आएको प्रगति आदिको कारण सामरिक कार्यदिशामा पनि विकास गर्नु पर्ने हुन्छ । यसै स्थितिमाथि ध्यान दिंदै हामीले नेपालमा नयाँ जनवादी क्रान्तिका लागि आफ्नै विशिष्टतामा आधारित सशस्त्र जनविद्रोहको कार्यदिशा अवलम्बन गरेका छौं । साथै, हाम्रो के पनि धारणा रहेको छ भने सशस्त्र सङ्घर्षका विविध रूपबारे हात बाँधेर बस्नु हुँदैन, आवश्यक परेमा दीर्घकालीन जनयुद्धको कार्यदिशा पनि अवलम्बन गर्न सकिन्छ ।

***कम्युनिस्टहरूप्रति सद्भाव राख्ने जनताको ठूलो हिस्सा वर्तमानको टुटफुटबाट ज्यादै चिन्तित छन् र क्रान्तिकारीहरूबीच पार्टी एकता भइदिए हुनथ्यो भन्ने अपेक्षा गरेका छन् । पार्टी एकताको सवालमा वर्तमान परिस्थिति कस्तो देख्नुहुन्छ र वर्तमान अवस्थामा कुन कुन पार्टीहरूसँग पार्टी एकता हुने सम्भावना देख्नुहुन्छ ?***

टुट-फुटबाट चिन्ता र एकता भइदिए हुन्थ्यो भनेर कम्युनिस्ट आन्दोलनप्रति सद्भाव राख्नुलाई हामीले निकै सकारात्मक अर्थमा ग्रहण गर्दछौं । तर, स्थिति भने जस्तो हुँदो रहेनछ । नेपाली कम्युनिस्ट आन्दोलनमा विद्यमान दक्षिणपन्थी र मध्यपन्थी अवसरवादी समूहसित पार्टी एकता संभव छैन । विभिन्न क्रान्तिकारी पक्ष वा समूहसित एकीकरणको संभावना छ र त्यसतर्फ हाम्रो पार्टीले यथेष्ट प्रयास गर्दै आएको छ । साथै, भविष्यमा विभिन्न अवसरवादी समूहमा रहेका क्रान्तिकारी कम्युनिस्टहरूसित एकीकरण र ध्रुवीकरणका संभावना पनि छन् । त्यसका लागि केही समय चाहिन्छ ।

***भारतले नेपाली भूभागमा अतिक्रमण गरी लिपुलेक क्षेत्रमा सडक निर्माणलगायत विभिन्न गतिविधि बढाइरहेको छ । यसलाई यहाँको पार्टीले कसरी लिएको छ ?***

भारतले नेपाली भूभागमा अतिक्रण गरी लिपुलेक क्षेत्रमा सडक निर्माण लगायत विभिन्न गतिविधि बढाइरहेको छ । यसलाई यहाँको पार्टीले कसरी लिएको छ । हाम्रो पार्टीले भारतीय विस्तारवादको दादागिरी र अतिक्रमणकारी नीतिको सशक्त विरोध गर्दै आएको छ । यस प्रकारको अतिक्रमण कायम रहँदासम्म देशको राष्ट्रिय स्वाधीनता र सार्वभौमिकताको रक्षाका निम्ति पार्टीले सङ्घर्षलाई निरन्तर अगाडि बनाउने छ ।

**अन्त्यमा, यस पत्रिकामार्फत अरु केही भन्न चाहनुहुन्छ कि ?**

खास केही छैन, धन्यवाद !

(साभार वर्गबोध वर्ष.... अंक...बाट )

## देजमो...

भेन्टिलेटरमा राखेर सघन उपचार थालेको केही घण्टामा अस्पतालले मृत घोषणा गरेको थियो ।

देजमो नेपालका केन्द्रीय उपाध्यक्ष के.बी. गुरुङकी जीवनसङ्गिनी यानी गुरुङको दुःखद् निधनप्रति देजमो अध्यक्ष सी.पी. गजुरेलव्दारा श्रद्धाञ्जली व्यक्त गर्नु भएको छ ।

## गृहमन्त्री...

तरिकाले छलफल भयो,' प्रवक्ता पोखरेलले भने ।

मन्त्रालयका प्रवक्ता पोखरेलले फिर्ता लिन मिल्ने मुद्दा छिटो फिर्ता गर्ने विषयमा छलफल भएको बताए ।

वार्तामा नेकपाका तर्फबाट प्रवक्ता विश्वकर्माले विभिन्न आन्दोलनका क्रममा पार्टी कार्याकर्ता लगाइएका मुद्दा र जेलमा रहेका कार्यकर्ताको विवरण सरकारलाई बुझाए । सरकारका तर्फबाट पनि अहिलेसम्म थुनामा रहेका नेकपाका कार्यकर्ता र मुद्दाको विवरण वार्तामा प्रस्तुत भएको मन्त्रालयका प्रवक्ता पोखरेलले जानकारी दिए ।

बैठकपछि नेकपा प्रवक्ता विश्वकर्माले तीन बुँदे सहमति कार्यान्वयनको टाइमलाइन वार्तामा बनाइएको जानकारी दिए । 'आजको वार्तामा तीन बुँदे सहमति कार्यान्वयनको टाइमलाइन बनेको छ । हाम्रो माग कार्यान्वयनमा सरकार सकारात्मक देखिएको छ । केही विषय टुंगिएका पनि छन्, केही टुंगिने क्रममा छन् । आशा छ छिटै निष्कर्ष निस्केला,' प्रवक्ता विश्वकर्माले भने ।

यो भन्दा अघिल्लो केपी शर्मा ओली नेतृत्वको सरकारले गरेको सहमति कार्यान्वयन गर्न गृहमन्त्री खाणले निरन्तर वार्ता गरिरहेका छन् ।

## विप्लवका...

गरेका छन् ।

उक्त कार्यक्रममा प्रमुख आतिथ्यता क्रान्तिकारी माओवादीका स्थायी समिति सदस्य सीपी गजुरेलले गर्नु भएको थियो भने कार्यक्रमको अध्यक्षता सिन्धुली जिल्ला पार्टी इन्चार्ज तथा पार्टीका केन्द्रिय सदस्य जीवनले गर्नु भएको थियो ।

त्यस्तै अतिथिमा अखिल (क्रान्तिकारी)का केन्द्रीय अध्यक्ष हरिकृष्ण गजुरेल , बागमती प्रदेश सल्लाहकार इन्दिरा अधिकारी, अखिल (क्रान्तिकारी)की केन्द्रीय उपाध्यक्ष शिलु न्यौपानेलगायत थिए । त्यस्तै कार्यक्रको संञ्चालन जिल्ला सचिव सुवर्णले गर्नु भएको थियो भने स्वागत मन्तव्य देजमो जिल्ला अध्यक्ष ढक प्रसाद देवकोटाले गर्नु भएको थियो ।

त्यस्तै पुनर्मिलनमा सहभागी विद्यार्थी संगठनका तर्फबाट हेमराज बशेलले मन्तव्य राख्नु भएको थियो ।

उक्त पुनर्मिलन कार्यक्रममा विद्यार्थी र पार्टीका नेताहरूको बाक्लो उपस्तिथि रहेको थियो ।

## जनयुद्धका...

आधारइलाका, जनसत्ताको निर्माण, सात डिभिजनको जनमुक्ति सेनाको विकास गर्न सम्भव भएको बताउनु भयो । उहाँले प्रचण्ड-बाबुरामको दक्षिणपन्थी अवसरवादी तथा संशोधनवादी विचलनका कारण जनयुद्धले धक्का खाए पनि दशवर्षे जनयुद्धको जगमा टेकेर जनयुद्धका लक्ष्य हासिल गर्न अब फेरि नयाँ तरिकाले चार तयारी गरेर क्रान्तिको प्रक्रिया अगाडि बढाउनु पर्ने आवश्यकतामाथि जोड दिनुभयो ।

जनयुद्धको बेला जुन व्यक्ति र व्यवस्थाको विरोध गरिएको थियो अहिले प्रचण्ड-बाबुरामहरूले तिनै व्यक्ति र व्यवस्थालाई अँगालो हाल्न पुगेको विषयमा चर्चा गर्दै महासचिव करिणले भन्नुभयो, 'केपी ओली र प्रचण्डहरू कम्युनिस्ट होइनन् । उनीहरू त कम्युनिस्ट सिद्धान्त र आदर्शलाई छाडेर कांग्रेसको भाग खोस्न गएका नव प्रतिक्रियावादीहरू हुन् । जनयुद्धको असली उत्तराधिकारीहरू हामी हौं । प्रचण्डहरूलाई जनयुद्ध भन्ने अधिकार छैन ।'

उहाँले जनयुद्धका अनुभवका बारेमा चर्चा गर्दै भन्नुभयो, 'त्यसबेला पार्टी सानो थियो । सेना र हतियार पनि थिएन । संयुक्त मोर्चा पनि बनेको थिएन । हामीले जनयुद्धको विस्तार गर्दै जाँदा पार्टी पनि ठूलो भयो, सात डिभिजनसम्मको सेना विस्तार गरियो, हतियार पनि जम्मा गरियो । हामीलाई त्यसबेला समर्थन गर्नेमा शम्भुराम श्रेष्ठ, रामराजा प्रसाद सिंह मात्रै थिए । जनयुद्ध विस्तारित हुँदै जाँदा जनतालाई नै संयुक्त मोर्चाको रूपमा संगठित गरियो । आदिवासी जनजाति, मधेसी, महिला, मुस्लिम, थारु, दलित, मजदुर, किसान लगायत उत्पीडित वर्ग र जातिकै संयुक्त मोर्चा बनाएर लडियो । व्यापक रूपमा जनता संगठित भए । जनयुद्धले ठूलो उथलपुथल ल्याइदियो । जनयुद्ध नभएको भए १९दिने आन्दोलन पनि हुने थिएन । र, जगणतन्त्र पनि स्थापित हुने थिएन । गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समानुपातिक समावेशिता सबै जनयुद्धकै मात्रात्मक उपलब्धि हुन् ।'

उहाँले अहिले मुलुकमा संसदीय व्यवस्थाका तीनवटै अंग असफल भएको, राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरू अझ भयावह र विकराल बनेको र जनतामा तीव्र रूपमा असन्तुष्टी र आक्रोश बढेर गएको अहिलेको अवस्थामा नयाँ जनवादी क्रान्तिको टड्कारो आवश्यकता रहेको बारेमा चर्चा गर्दै क्रान्तिका लागि छरिएर रहेका सबै क्रान्तिकारीहरू एकताबद्ध हुनुपर्ने आवश्यकतामाथि जोड दिनुभयो ।

उहाँले दशवर्षे जनयुद्धमा जनताले गरेको अपूर्व सहयोग, विकसित भएको राजनीतिक चेतना, प्राविधिक अनुभव र त्याग, वीरता र बलिदानको उदात्त आदर्शमा टेकेर जनयुद्धको अपूरा लक्ष्य पूरा गर्न सम्भव रहेको विश्वास व्यक्त गर्दै क्रान्तिकारी र अवसरवादीहरूको एउटै पार्टी हुन नसक्ने स्पष्ट पार्नुभयो । उहाँले भन्नुभयो, 'क्रान्तिका लागि क्रान्तिकारी र अवसरवादीहरूको कित्ता छुट्टिन जरुरी छ ।'

त्यसैगरी कार्यक्रमलाई सम्बोधन गर्दै पार्टी स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले जनयुद्धको महत्व, वर्तमान स्थिति र क्रान्तिको आवश्यकतामाथि प्रकाश पार्नुभयो ।

उहाँले वर्तमान संसदीय व्यवस्थाका तीन ओटै अंग असफल हुनु, आर्थिक सूचकांकहरू सबै ऋणात्मक हुनु, र, सबैतिर अस्तव्यस्थ हुनुले मुलुक नै असफल हुने दिशातिर उन्मुख रहेको चर्चा गर्दै साम्राज्यवादी हस्तक्षेपबाट मुक्त पारी स्वाधीन र आत्मनिर्भर राष्ट्र बनाउने अभिभारा क्रान्तिकारीहरूको काँधमा आएको बताउनु भयो ।

कुनै बेला दुई तिहाईको दम्भ देखाउने कम्युनिस्ट आवरणका संसदवादीहरूको अहिले हरिबिजोग स्थितिका बारेमा चर्चा गर्दै प्रतिक्रियावादी, अवसरवादी, संशोधनवादी तथा संशोधनवादीहरूको पतन अवश्यम्भावी रहेको कुरा बताउनु भयो ।

उहाँले भन्नुभयो, 'जतिसुकै खराब भए पनि प्रतिक्रियावादी व्यवस्था आफै ढल्दैन । ढाल्नै पर्छ । अर्को एउटा धक्का लगाउनै पर्छ ।' उहाँले अब क्रान्तिकारी आन्दोलन माथि उठ्ने विश्वास दिलाउँदै देशैभरी क्रान्तिकारीहरूको ध्रुवीकरण सुरु भएको समेत बताउनु भयो । दलाल संशोधनवादी तथा प्रतिक्रियावादीहरूले अहिले बाँकी रहेको स्वाधीनता पनि सिध्याउन चाहेको बताउनुहुँदै देशको स्वाधीनता जोगाउने जिम्मा क्रान्तिकारीहरूको रहेको स्पष्ट पार्नुभयो ।

कार्यक्रमको अध्यक्षता समेत गर्नुभएका पार्टीका स्थायी समिति सदस्य रामसिंह श्रीसले क्रान्तिकारी लक्ष्य हासिल गर्न पार्टीको क्रान्तिकारीकरणको आवश्यकता रहेकोमा जोड दिनुभयो । क्रान्तिकारी पार्टीमा अवसरवादी प्रवृत्तिहरू पनि रहने र त्यस्ता प्रवृत्तिलाई निरुत्साहित पार्दै लैजानुपर्ने कुरामा जोड दिनुभयो ।

उहाँले भन्नुभयो, 'एउटा क्रान्तिकारी पार्टीभित्र पनि स्वभाविक रूपमा निम्नपुँजीवादी प्रवृत्तिहरू हुने गर्छन् । त्यस्ता प्रवृत्तिहरूलाई बेलैमा लगाम लगाउन नसक्ने हो भने त्यस्ता प्रवृत्तिले पार्टीलाई गलत दिशातिर डोऱ्याउन सक्छन् । पार्टीभित्र हुने त्यस्ता गैरसर्वहारा प्रवृत्तिलाई निरुत्साहित गर्न जरुरी छ ।'

कार्यक्रमलाई सम्बोधन गर्दै पार्टीका सल्लाहकार समितिका संयोजक डा. ओम गुरुङले जनयुद्धका सकार र नकार पक्षबाट पाठ सिक्दै नयाँ जनवादी क्रान्तिलाई पूरा गर्न उत्पीडित वर्ग र समुदायलाई व्यापक रूपमा संगठित गर्दै अगाडि बढ्नुपर्ने कुरामा जोड दिनुभयो ।

कार्यक्रमको सञ्चालन पीवीएम दिनेश शर्मा सागरले गर्नुभएको थियो भने पीवीएम इन्द्रमोहन सिग्देले जनयुद्ध दिवसको सन्दर्भमा पार्टीले जारी गरेको वक्तव्य वाचन गरेर सुनाउनु भएको थियो । महासचिव किरणले २७ वटा मैनबत्ती बालेर कार्यक्रमको उद्घाटन गर्नुभएको थियो ।कार्यक्रमको अन्तमा पार्टी महासचिव किरणले सहभागी सबैलाई अवीर लगाएर जनयुद्ध दिवसमा शुभकामना आदान प्रदान गर्नुभएको थियो ।

कार्यक्रममा पार्टी स्थायी समिति सदस्य तथा प्रवक्ता हरिभक्त कँडेल लगायत पीवीएमहरू, सिसिएमहरूको समेत उपस्थिति रहेको थियो ।

# नेकपा (क्रान्तिकारी माओवादी) कास्की जिल्लाको आयोजनामा २७ औ महान जनयुद्ध दिवस भब्यरुपमा पोखरामा सम्पन्न

पोखरा । नेपाली जनताले सामन्ती राज्यसत्ता, पुँजीवादी शोषणउत्पीडन, साम्राज्यवादी, विस्तारवादी हस्तक्षेप र सबैप्रकारका विभेदबाट मुक्तिका लागि हतियार उठाएको २६ वर्ष पूरा भएर २७ वर्ष लागेको उक्त अवसरमा नेकपा (क्रान्तिकारी माओवादी) कास्की जिल्लाले आयोजना गरेको २७ औ महान जनयुद्ध दिवस पोखरामा भब्यरुपमा सम्पन्न भएको छ ।

उक्त कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी) का पोलिट ब्यूरो सदस्य एवं गण्डकी प्रदेश समिति सेक्रेटरी केश वहादुर परियारले जनयुद्धको मूल नेतृत्वको रुपमा रहेका नेताहरुको घोर दक्षिणपंथी संशोधनवादी र राष्ट्रिय आत्मसमर्पणवादी प्रवृत्तिका कारण जनयुद्धले सफलता प्राप्त गर्न सकेन । प्रतिक्रियावादी संसदीय व्यवस्थालाई बदल्नका लागि दशवर्ष जनयुद्ध गरे उनै अहिले त्यही व्यवस्थाको संरक्षक बनेर घरेलु प्रतिक्रियावाद र साम्राज्यवादको दलाली गरेर आफ्नो राजनीतिक अस्तित्व जोगाईरहेका छन् ।

नेपाली क्रान्तिले ठूलो धक्का खाएको भए पनि क्रान्ति यक्तिकै रोकिने वाला छैन । जनयुद्धका उपलब्धीहरुको रक्षा गर्दै, विश्व सर्वहारा क्रान्तिले प्राप्त गरेका सकारात्मक र नकारात्मक उपलब्धीहरुबाट शिक्षा लिदै मार्क्सवाद–लनिनवाद–माओवादलाई हाम्रो देशको अनुकूलतामा सृजनात्मक प्रयोग गरी नेपाल कम्यनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) ले नेपालमा सर्वहारा श्रमजीवि वर्गको नेतृत्वमा नयाँ जनवादी क्रान्तिलाई सफल पार्दै जनवादी राज्यब्यवस्था स्थापनाको लागि क्रान्तिकारी नीति र कार्यक्रम अगाडी सारेको छ । आज २७ औं महान जनयुद्ध दिवसको अवसरमा स्वतन्त्र रुपमा क्रियाशिल क्रान्तिकारीहरु र स्वतन्त्र वामपंथी ब्यक्तित्वहरुलाई परिवर्तनको आन्दोलनमा सकृय रुपमा अगाडी बढ्न सबैलाई आब्हान गर्नु भयो ।

उक्त कार्यक्रममा बोल्ने वक्ताहरुमा नेकपा (क्रान्तिकारी माओवादी) गण्डकी प्रदेश समितिका सदस्य एवं देशभक्त जनगणतान्त्रिक मोर्चाका केन्द्रिय सल्लाहाकार भिमवहादुर श्रीस, प्रदेश समितिका सदस्य एवं अखिल नेपाल छन्त्याल राष्ट्रिय मुक्ति मोर्चा नेपालका अध्यक्ष वमवहादुर छन्त्याल, प्रदेश समितिका सदस्य एव नेपाल राष्ट्रिय प्राध्यापक संगठनका उपाध्यक्ष परशुराम कोइरालाले महान जनयुद्धका उपलब्धीहरु र जनयुद्धलाई विचैमा धोका दिने गद्दारहरुलाई समाप्त पार्नु पर्ने कुरामा जोड दिनु भयो ।

## यी हुन्...

पुस्तकमा मार्क्सले काममा पाइने सन्तुष्टिलाई मान्छेको भलाइसँग जोडेर हेरेका थिए ।

तत्कालीन समयमा यस्तो कुरा गर्ने उनी पहिलो व्यक्ति थिए । उनको तर्क थियो हामी आफ्नो अधिकांश समय काममा खर्चिन्छौँ । अतः यो आवश्यक छ कि आफ्नो कामबाट हामीलाई खुशी मिलोस् ।

४. भेदभावको विरोध गर्नुपर्छः यदि समाजमा कोही खराब छ, यदि तपाईंलाई लागेको छ कि कसैप्रति अन्याय, भेदभाव वा गलत भइरहेको छ भने तपाईं त्यसको विरोध गर्नुस् । तपाईं संगठित भएर विरोध गर्नुस् र परिवर्तनका लागि संघर्ष गर्नुस् । संगठित विरोधका कारण कैयौं देशको दिशा बदलिएको छ । विभिन्न प्रकारका भेदभावविरूद्ध कानून बनोस् । लण्डनमा हुने मार्क्सवादी कार्यक्रमका आयोजकमध्येका एक लुइस निल्सन भन्छन्, 'समाजलाई बदल्न क्रान्ति आवश्यक हुन्छ । हामी समाजको राम्रोका लागि विरोध प्रदर्शन गर्छौं । यसरी सर्वसाधारणले आठ घण्टा काम गर्ने अधिकार पाएका हुन् ।'

मार्क्सको व्याख्या एक दार्शनिकको रूपमा गरिन्छ । तर निल्सन यो कुरासँग असहमत छन् । उनी भन्छन्, 'उनले जे लेखे र गरे त्यो एउटा दर्शन जस्तो लाग्छ । तर जब तपाईँ उनको जीवन र कामलाई नजिकबाट नियाल्नुहुन्छ तब तपाईँ महसुस गर्नुहुन्छ कि उनी एक अभियानकर्मी थिए । उनले अन्तर्राष्ट्रिय कामदार संघको स्थापना गरे । उनी गरीबहरूसँगै हड्तालमा सहभागी भए । '

महिलालाई मतदानको अधिकार कसरी प्राप्त भयो ? यो अधिकार संसद्का कारण नभइ महिलाहरू संगठित भएर विरोधमा उत्रिएकाले पाए । काम गर्नेहरूले साप्ताहिक बिदा कसरी पाए ? मजदुरहरू संगठित भएर हड्तालमा उत्रिएकाले पाए ।

५. सञ्चारमाध्यममाथि निगरानी राख्नुपर्छः सरकार र ठूला व्यापारिक घरानाले साठगाँठ गरे तपाईँलाई कस्तो लाग्ला ? व्यापारिक प्रतिष्ठानले तपाईँका सबै जानकारी सरकारलाई उपलब्ध गराइदिए के तपाईँ आफूलाई सुरक्षित महसुस गर्नुहुन्छ ? १९ औँ शताब्दीमै मार्क्सले यस्तो महसुस गरेका थिए ।

हुन त त्यो बेला सामाजिक सञ्जालहरू थिएनन्, तथापि मार्क्स पहिलो व्यक्ति थिए, जसले त्यस्तो साठगाँठको व्याख्या गरे । ब्वेनस आइरिज विश्वविद्यालयका प्राध्यापक भालेरिया वेघ वाइस भन्छन्, 'मार्क्सले त्यतिबेलै सरकार, बैंक, व्यापार र उपनिवेशीकरणका प्रमुख एजेन्टहरूबीचको साठगाँठबारे अध्ययन गेरे ।' उनी थप्छन्, 'मार्क्सले सञ्चारमाध्यमको शक्ति बुझेका थिए । मानिसहरूको सोचाइ प्रभावित गर्नका लागि सञ्चारमाध्यम उपयुक्त माध्यम थिए । आजकल हामी झुटा समाचारका कुरा गर्छौं । तर मार्क्सले उहिल्यै यस्तो कुरा बताइसकेका थियो ।'

मार्क्सले त्यतिबेला प्रकाशित हुने गरेका लेखहरूको अध्ययन गर्दथे । उनी यो निष्कर्षमा पुगेका थिए कि गरीबहरूले गर्ने अपराधलाई सञ्चारमाध्यमले ठूलो स्थान दिन्छन् जबकि नेताहरूले गर्ने अपराधको घटनालाई दबाउँछन् ।

## आलोपालो

# यी हुन् संसार बदल्ने मार्क्सका ५ भनाइ



कार्ल मार्क्स, जसको नाम नसुन्ने संसारमा सायदै होलान । मार्क्स आफैंमा दर्शनशास्त्र र अर्थशास्त्रका जीवन्त ठेली हुन । अर्थशास्त्र, दर्शनशास्त्र, समाजशास्त्र र इतिहासका क्षेत्रमा उनले पुर्याएको योगदान अतुलनीय छ ।

मार्क्सका केही यस्ता भनाइहरू छन्, जसले संसारलाई भलाइको दुनियाँमा डोहोर्याउन मार्गदर्शन गरेका छन् । यहाँ उनका पाँच भनाई उल्लेख गरिएको छ, जसले संसार बदल्न योगदान गरेका छन् ।

१.बालबालिकालाई पढाउनुपर्छः केही मानिसहरूले यो कुरालाई एउटा भनाइका रूपमा मात्र लिन सक्छन् । तर सन् १८४८ मा कम्युनिष्ट घोषणापत्र लेखिरहेका बेला मार्क्सले बालश्रमको चर्चा गरेका थिए । अन्तर्राष्ट्रिय श्रम संगठनको सन् २०१६ को तथ्याङ्क अनुसार अहिले पनि संसारमा १० मध्ये एक बच्चा बालश्रमिक छन् । धेरै बालबालिकाहरू कलकारखाना छाडेर विद्यालय जानुमा मार्क्सको ठूलो देन छ ।

'द ग्रेट इकोनोमिस्ट' पुस्तककी लेखिका लिण्डा यू भन्छिन्, 'सन् १८४८ मा जारी मार्क्सको घोषणापत्रमा बालबालिकालाई निजी विद्यालयमा निःशूल्क शिक्षा दिइनुपर्ने कुरा १० बुँदामध्ये एउटा थियो । कलकारखानामा हुने बालश्रममाथि रोक लगाउनुपर्ने कुराको पनि त्यसमा चर्चा गरिएको थियो ।'

२. आफ्नो जिन्दगीको मालिक आफैँ हुनुपर्छः के तपाईं हप्ताको सात दिन काम गर्नुहुन्छ ? कामका बेला खाजा/खाना खाने समय लिनुहुन्छ ? एउटा निश्चित उमेरपछि तपाईं सेवा निवृत्त हुन र निवृत्तिभरण पाउन चाहनुहुन्छ ?

यदि तपाईंको जवाफ सकारात्मक छ भने तपाईं मार्क्सलाई धन्यवाद दिन सक्नुहुन्छ । लण्डन स्कूल अफ इकोनोमिक्सका प्राध्यापक माइक साभेज भन्छन्, 'पहिला पहिला लामो समयसम्म काम गर्न भनिन्थ्यो । तपाईंको समय तपाईंको हुँदैन थियो र तपाईं आफ्नो जिन्दगीका लागि सोच्न पाउनु हुँदैन थियो । '

पुँजीवादी समाजमा मान्छेलाई बाँच्नका निम्ति उनीहरूको श्रमलाई कसरी बाध्यता बनाइनेछ भन्नेबारे मार्क्सले लेखेका थिए । उनका अनुसार मानिसहरूलाई अधिकांश समय उनीहरूको परिश्रम अनुसारको पारिश्रमिक दिइने गरिएको थिएन र उनीहरूमाथि शोषण गरिएको थियो ।

मार्क्स चाहन्थे मान्छेको जिन्दगीमाथि उसकै अधिकार होओस्, मान्छेको जीवन अरू कुराभन्दा सर्वोपरी होओस् । उनी चाहन्थे मान्छेहरू स्वतन्त्र होऊन् र मान्छेभित्रको सिर्जनात्मक क्षमताको विकास होओस् । साभेज भन्छन्, 'वास्तवमा मार्क्स भन्छन् हामीले हाम्रो जीवन यसरी जिउनुपर्छ कि जसको मूल्याङ्कन कामले नगरियोस् । एउटा यस्तो जीवन जसको मालिक हामी आफैँ होऊँ, जहाँ हामी आफैँले यो कुराको निर्धारण गर्न सकौँ कि हामी कसरी जिउन चाहन्छौँ । आजकाल यही सोचका साथ मानिसहरू जिउन चाहन्छन् । '

३. रूचि अनुसारको काम गर्न पाउनुपर्छः आफ्नो मनले भनेको काम गर्दा मान्छेलाई खुशी मिल्छ । तर आफूले चाहे बमोजिमको काम नहुँदा मान्छेले दत्तचित्त भएर गर्न सक्दैन र ऊ निराश हुन्छ । यी कुराहरू अरूले नभइ स्वयं मार्क्सले भनेका हुन् । सन् १८४४ मा लेखेको आफ्नो

बाँकी ७ पेजमा


## कोभिड संक्रमण भई घरमै बस्दा ध्यान दिनुपर्ने कुराहरू

- पर्याप्त हावा ओहोरदोहोर गर्ने अलग्गै कोठाको प्रयोग गरौं ।
- अरु व्यक्तिसँग भेटघाट नगरौ, भेटघाट गर्ने परेमा कम्तिमा २ मिटरको दूरी राखौ र मास्कको अनिवार्य प्रयोग गरौं ।
- घरका अन्य सदस्यहरूले सम्भव भएसम्म अलग्गै शौचालय तथा बाथरुमको प्रयोग गरौं ।
- क्वारेन्टाइनमा बसेको व्यक्तिले प्रयोग गरेको मास्क तथा पन्जा जथाभावी नफालौ र सुरक्षित स्थानमा नष्ट गरौं ।
- अलग्गै भाडाकुँडा प्रयोग गरौं ।
- समय-समयमा साबुन पानीले कम्तिमा २० सेकेण्ड मिचीमची हात धुने अथवा सेनेटाइजर प्रयोग गरौं ।
- प्रयोग गरिएका सामग्रीहरू साबुन पानीले धोई सम्भव भएसम्म घाममा सुकाऔं ।
- खोक्दा वा हाच्छिउँ गर्दा मुख र नाक रुमाल वा कुहिनाले छोपौं ।
- ज्वरो, खोकी, स्वासप्रस्वासमा समस्या, घाँटी दुख्नेजस्ता समस्या देखापरेमा नजिकको स्वास्थ्यसंस्थामा सम्पर्क गरौं ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

नेपाल सरकार
विज्ञापन बोर्ड








**प्रकाशक** : वर्गदृस्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।